# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १८९ | काठमाडौं | मंगलबार, २० कात्तिक २०८१ | Prabhab National Daily | Tuesday, November 05, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# ४७औं राष्ट्रपति चुन्दै अमेरिका
## नेपाली अमेरिकन मतदाता करिब एक लाख


डोनाल्ड ट्रम्प


कमला ह्यारिस

- कूल ४३८ इलेक्ट्रोल कलेजमध्ये २७० मत जसले पाउँछ उही नै अमेरिकाको नयाँ राष्ट्रपति बन्ने
- २४ करोड ४० लाख मतदातामध्ये करिब एक लाख नेपाली अमेरिकन मतदाता
- अमेरिकी नागरिक बनिसकेका अधिकांश नेपाली व्यापारी ट्रम्पको पक्ष र नागरिक बन्ने चरणमा रहेकाहरु ह्यारिसको पक्ष लिँदै

■ प्रवास ब्युरो

**काठमाडौं–** अमेरिकामा ४७औं राष्ट्रपति चुन्न आज अन्तिम मतदान हुँदै छ । डेमोक्रेटबाट उपराष्ट्रपति कमला ह्यारिस र रिपब्लिकनबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प अबको राष्ट्रपति बन्न चुनावी मैदानमा छन् ।

अमेरिकाका विभिन्न राज्यमा फरक-फरक 'टाइम जोन' भए पनि अधिकांश स्थानमा नेपाली समयअनुसार सोमबार साँझबाट मतदान सुरु हुने कार्यतालिका रहेको छ ।

स्थानीय समयअनुसार कुनै राज्यमा बिहान ६ बजेदेखि त कतै ७ बजेदेखि राति ८ बजेसम्म मतदानको समय अवधि राखिएको छ । अक्टोबर ७ बाटै मतदान सुरु भए पनि मतदान केन्द्रमै पुगेर मत हाल्ने दिन नोभेम्बर ५ हो । १८ वर्ष पुगेका अमेरिकी नागरिकले मतदान गर्न व्यवस्था छ । सोमबार स्थानीय समयअनुसार मतदानस्थलमै मतदान गर्न पुग्नुपर्छ । यसअघि विद्युतीय माध्यम, हुलाक अदिबाट मतदान गर्न सकिन्थ्यो ।

यस दिन राष्ट्रपति निर्वाचनका लागि ५३८ इलेक्ट्रोल कलेज, अमेरिकाको संघीय प्रतिनिधिसभामा ४३५ सदस्य, सिनेटका एकतिहाइ सदस्य, हरेक राज्यका प्रतिनिधिसभाका सदस्य र राज्य सिनेट पनि चुनिन्छन् । यतिमात्र हैन रिक्त रहेको राज्यका गभर्नर, मेयर, काउन्टीका पदाधिकारी पनि यही चुनावबाट चुनिन्छन् । मतदान सकिएसँगै मध्यरातिबाट मत गन्न सुरु गरिन्छ ।

अमेरिकामा मतगणना गर्दा ५० राज्यमध्ये ४८ राज्यमा जित्नेले सबै लिने सिद्धान्त लागू गरिन्छ । यसको अर्थ ५० प्रतिशतभन्दा बढी मत जुन दलले पाउँछ उक्त राज्यको मत उही दललाई जान्छ । कूल ४३८ इलेक्ट्रोल कलेजमध्ये २७० मत जसले पाउँछ उही नै अमेरिकाको अबको राष्ट्रपति बन्ने छन् । जस्तो क्यालिफोर्नियामा ५४ इलेक्ट्रोल कलेज छन् । यसमा डेमोक्रेट्सको पक्षमा ५० प्रतिशतभन्दा बढी मत पाए सबै मत ह्यारिसले पाउने छिन् । यसअघि पनि क्यालिफोर्नियाबाट डेमोक्रेट्सकै पक्षमा मत गइरहेको छ । यद्यपि, ५० प्रतिशतभन्दा बढी मत रिपब्लिकनतिर गयो भने ५४ मत डोनाल्ड ट्रम्पको पक्षमा जाने छ ।

(क्रमशः पृष्ठ २ मा)

### नेपाली अमेरिकनमा पनि उत्साह

अमेरिकामा २४ करोड ४० लाख मतदाता छन् । जसमध्ये सात करोड ८० लाखभन्दा बढीले पहिले नै मतदान गरिसकेका छन् ।

यसमध्ये नेपाली अमेरिकन मतदाताको संख्या एक लाख नजिक पुगेको छ । एसियन अमेरिकन रिसर्च सेन्टरको तथ्यांकअनुसार नेपाली अमेरिकन मतदाताको संख्या ९१ हजार ९०९ रहेको छ । अमेरिकी सरकारको डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटीको तथ्यांक हेर्ने हो भने ८७ हजार नेपालीले अमेरिकाको अंगीकृत नागरिकता लिइसकेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# सरकारसँग दुई मुख्यसचिव

■ जेबी योञ्जन



वैकुण्ठ अर्याल | एकनारायण अर्याल

**काठमाडौं–** निजामती प्रशासनको 'सर्वोच्च कमान्डर' मानिने मुख्यसचिव दुई जना भएका छन् । एक १३ भदौमा नियुक्त एकनारायण अर्याल र दोस्रो यही १४ कात्तिकमा भ्रष्टाचार मुद्दामा सफाइ पाएपछि पुनर्वहाली भएका वैकुण्ठ अर्याल ।

अन्तशुल्क स्टिकर छपाइमा भएको भ्रष्टाचार काण्डमा अर्यालविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेपछि निलम्बनमा परेसँगै विशेष दरबन्दी सिर्जना गरेर सरकारले अर्यालको व्यवस्थापन राष्ट्रिय योजना आयोगमा गरेको थियो । अहिले पनि उनी त्यहीँ छन् । अब उनको दरबन्दी त्यहीँ हुन्छ कि कहाँ ? टुंगो छैन ।

पूर्वमुख्यसचिव लिलामणि पौडेलका अनुसार नेपालको निजामती प्रशासन इतिहासमा यसअघि एकैपटक दुई मुख्यसचिव लोकतन्त्र स्थापनापछि थियो । कर्मचारीतन्त्रको उपल्लो भूमिकामा रहेर दोस्रो जनआन्दोलन दबाउन प्रयास गरेको र गम्भीर मानवअधिकार उल्लंघन गरेको भन्दै राजतन्त्र पक्षधर मानिने लोकमानसिंह कार्कीलाई राजनीतिक परिवर्तनसँगै तत्कालीन सरकारले २८ वैशाख २०६३ मा हटाएको थियो ।

पछि उनी अदालतबाट पुनर्वहाली भए । जतिबेला मुख्यसचिव डा. भोजराज घिमिरे थिए । घिमिरेअघि मुकुन्द शर्मा पौडेलले करिब दुई महिना कायममुकायम मुख्यसचिव भएर निजामती प्रशासन हाँकेका थिए । यसरी लोकतन्त्र स्थापना भएलगत्तै सरकारसँग दुई मुख्यसचिव थिए । अहिले पुनः दुई जना मुख्यसचिव भएका छन् । पूर्वमुख्यसचिव पौडेल भन्छन्, 'पहिलेको नजिर सरकारले हेर्ला कि !'

पूर्वमुख्यसचिव कार्कीले अदालतबाट मुद्दा जिते पनि उनलाई मुख्यसचिवका रूपमा कार्यकारी भूमिका दिइएको थिएन । घिमिरेले नै मुख्यसचिवको पदबाट गर्नुपर्ने कार्य सम्पादन गरेका थिए । अहिले पनि एकनारायणले नै मुख्यसचिवको पदबाट गर्नुपर्ने कार्यसम्पादनलाई निरन्तरता दिनसक्ने पौडेल बताउँछन् ।

तर, विगतमा पोलिमर नोट प्रकरणमा राष्ट्र बैंकका तत्कालीन गभर्नर विजयनाथ भट्टराईलाई भ्रष्टाचार मुद्दा चल्दा दीपेन्द्रबहादुर क्षेत्रीलाई गभर्नर बनाइएको थियो । पछि भट्टराईले मुद्दामा सफाइ पाएपछि सरकारले फेरि भट्टराईलाई नै गभर्नर पदमा फर्काएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता प्रेम आचार्यले मन्त्रिपरिषद् बैठकले आवश्यक निर्णय लिनसक्ने बताए । 'उहाँ (वैकुण्ठ)ले अदालतबाट सफाइ पाएपछि दुई मुख्यसचिवलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारे मन्त्रिपरिषद्ले निर्णय लिनसक्छ,' उनले प्रभावसँग भने ।

- अन्तशुल्क स्टिकर छपाइमा भएको भ्रष्टाचार काण्डमा सफाइ पाएपछि सरकारसँग वैकुण्ठ अर्याल र एकनारायण अर्याल गरी दुई मुख्यसचिव भएका छन्
- एकनारायण एमालेनिकट भएका कारण कांग्रेसनिकट वैकुण्ठलाई मुख्यसचिवको कार्यकारी भूमिकामा फर्काउनेमा आशंका

सामान्यतः बैकुण्ठ मुख्यसचिवमा फर्किंदैनन् भन्ने कर्मचारीवृत्तमा चर्चा छ । उनले आफ्नो विशेष दरबन्दी रहेको राष्ट्रिय योजना आयोगमै हाजिर गर्ने ठानिएको छ । तर, आज (मंगलबार) सरकारी कार्यालय खुल्ने भएकाले उनी राष्ट्रिय योजना आयोगमा हाजिर गर्न जान्छन् कि जाँदैनन् ? त्यो हेर्न बाँकी छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय होस् कि योजना आयोगमा, उनले मुख्यसचिव सोसरहको सुविधा पाएकै छन् । त्यसले गर्दा पनि उनी कार्यसम्पादन गर्नेगरी मुख्यसचिवको भूमिकामा दाबी गरेर आउने सम्भावना रहेको पूर्वमुख्यसचिव पौडेल बताउँछन् ।

यद्यपि, वैकुण्ठले आफूले मुद्दाबाट क्लिन चिट पाइसकेका कारणले उक्त विशेष दरबन्दीको अर्थ नहुने व्याख्या गर्न सक्ने अनुमान पनि भइरहेको छ । यसबारे निर्णय गर्ने मञ्च भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् बैठक नै हो । तर, एकनारायण प्रधानमन्त्री केपी शर्मा ओलीको रोजाइका मुख्यसचिव हुन् । सोही कारण कांग्रेसनिकट मानिने वैकुण्ठ योजना आयोगमै थन्किन सक्ने सम्भावना बढी रहेको जानकारहरू बताउँछन् ।


वैकुण्ठलाई १४ कात्तिकमा विशेष अदालतले भ्रष्टाचार मुद्दामा 'क्लिन चिट' दिएको थियो । यससँगै वैकुण्ठलाई अदालतले पूर्ववर्ती पदीय भूमिकामा फर्काएको एकथरीको मत छ । वैकुण्ठविरुद्ध गत ९ असारमा अख्तियारले अन्तशुल्क स्टिकर छपाइ प्रकरणमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । लगत्तै उनी स्वतः निलम्बनमा परेका थिए । उनको निलम्बनपछि मुख्यसचिवमा दुई जनाले जिम्मेवारी पाइसकेका छन् ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले वैकुण्ठ निलम्बनमा परेपछि कायममुकायम मुख्यसचिव लिलादेवी गड्तौलालाई बनाएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# पुरानो कार्यविधि ब्युँताउँदै श्रममन्त्री भण्डारी
## ई-७ भिसामार्फत कोरियामा कामदार पठाउन म्यानपावरलाई अनुमति






■ प्रभाव संवाददाता

- सरकार आफैंले कामदार पठाउँदै आएको ई-७ भिसा प्रणालीमा म्यानपावरलाई अनुमति
- इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीले तोकिएको मापदण्ड पूरा गरेमा उक्त प्रणालीअन्तर्गत कोरियामा श्रमिक पठाउन पाउने
- नयाँ कार्यविधिअनुसार ई-७ भिसामा कामदार पठाउन सुरू गरिए इपिएस नै प्रभावित हुने जोखिम

**काठमाडौं–** सरकारले म्यानपावर कम्पनीमार्फत दक्षिण कोरियामा सीपयुक्त कामदार पठाउनेसम्बन्धी कार्यविधिलाई पुनः ब्युँताएको छ । गत हप्ता श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको विशेष निर्णयबाट 'दक्षिण कोरियामा सीपयुक्त कामदार पठाउनेसम्बन्धी कार्यविधि, २०८० ' लाई संशोधन गर्दै ई-७ भिसामा म्यानपावरबाटै कामदार कोरिया पठाउन पाउने व्यवस्थालाई सक्रिय बनाइएको हो ।

सीपयुक्त कामदार कोरिया पठाउने सम्बन्धमा स्पष्ट विधि, मापदण्ड र प्रणाली विकास नगरी म्यानपावर कम्पनीको मनोमानी हुनेगरी बाटो खोलिदिएको भन्दै यसअघिका श्रममन्त्री डोलप्रसाद अर्यालले गत वर्ष फागुन १७ गते जारी कार्यविधि स्थगित गरेका थिए । यद्यपि, सरकार फेरबदलका कारण अर्यालको कार्यकाल चार महिनामा नै सकिएपछि पुनः श्रममन्त्री बनेका भण्डारीले आफ्नो १०० दिने कार्यअवधिलगत्तै उक्त कार्यविधि सक्रिय बनाउने निर्णय गरेका हुन् ।

अर्यालअघि पनि भण्डारी नै श्रममन्त्री रहँदा म्यानपावरबाट कोरियामा ई-७ भिसामार्फत सीपयुक्त कामदार पठाउनेसम्बन्धी कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भई जारी भएको थियो । जारी भएको उक्त कार्यविधिअनुसार ई-७ भिसामा कामदार पठाउन सुरु गरिए रोजगार अनुमति प्रणाली (इपिएस) नै प्रभावित हुने जोखिम रहेको भन्दै चौतर्फी आलोचना भएको थियो । तर, सरकार परिवर्तन भएर अर्याल मन्त्री बनेपछि अध्ययन समिति बनाएरै तयार पारिएको प्रतिवेदनअनुसार कार्यविधि स्थगित गर्ने निर्णय गरेका थिए ।

मन्त्रालयले जारी गरेको संशोधित कार्यविधि भने पनि त्यस्तो उल्लेख्य थपघट बुँदाहरू केही छैन । मात्रै १५ दिनभित्र सम्बन्धित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण नगरेमा रोजगारदाताले वैदेशिक रोजगार विभागबाट प्रमाणीकरण गराउनसक्ने व्यवस्था गरिएको संशोधित कार्यविधिमा उल्लेख गरिएको छ । यसबाहेक सम्पूर्ण व्यवस्था पुरानै कायम गरिएको छ । कोरियासँग भएको जिटुजी सम्झौताअन्तर्गत सरकारले नै कोरियामा कामदार पठाउने इपिएस सम्झौता नवीकरण गर्ने अन्तिम तयारी भइरहेको अवस्थामा मन्त्रालयले ई-७ भिसामा सीपयुक्त कामदार म्यानपावरमार्फत पठाउनेगरी कार्यविधि पुनः जारी गरेको छ ।

कार्यविधिमा इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीले तोकिएको मापदण्ड पूरा गरेमा ई-७ भिसा प्रणालीअन्तर्गत कोरियामा श्रमिक पठाउन सकिने व्यवस्था गरेको छ । यसका लागि भाषा र सीपका लागि प्रचलित मापदण्डबमोजिमको आफ्नै स्वामित्वको तालिम केन्द्र या पूर्णकालीन उपयोग गर्न सकिनेगरी करार सम्झौता गरी लिएको तालिम केन्द्र भएको हुनुपर्ने व्यवस्था गरिएको छ । जसमा भाषा प्रशिक्षण तालिम केन्द्रमा कोरियाली भाषा पढाउने सम्बन्धमा कोरियाली भाषा प्रशिक्षणको आधिकारिक प्रमाणपत्र प्राप्त कम्तीमा दुई जना भाषा प्रशिक्षक भएको हुनुपर्ने सर्त राखिएको छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमश:

### सरकारसँग दुई...

कायममुकायमबाट बढुवा भएर मुख्यसचिव हुँदै गत १४ भदौमा उनी अवकाश भइन् । उनले करिब तीन महिना निजामती प्रशासनको नेतृत्व सम्हालिन् । पहिलो महिला मुख्यसचिवको कीर्तिमान बनाइन् । उनीपछि मुख्यसचिव एकनारायण भएका हुन् ।

यसरी लिलादेवी र एकनारायण मुख्यसचिव भइसक्दासमेत वैकुण्ठले भने राजीनामा दिएका थिएनन् । उनले पहिलेदेखि नै आफू अन्तशुल्क स्टिकर छपाइ भ्रष्टाचार काण्डमा नमुछिएको र आरोप गलत भएको दाबी गर्दै आएका थिए । सोही कारण उनी राजीनामाको दबाब झेलेर बसेका थिए ।

यतिसम्मकी उनीमाथि मुद्दा दायर हुनुभन्दा केही समयअघि नै राजीनामा दिन दबाब परेको थियो । तर, अटेर गरेरै बसे । त्यसको अर्थ आफूले गल्ती नगरेको उनको अडान थियो । अन्ततः विशेष अदालतबाट मुद्दा जिते । उनै वैकुण्ठ मुख्यसचिवमा दाबीसहित फर्किन्छन् कि फर्किंदैनन् ? भन्ने चासोको विषय बनेको छ ।

■■■

### ४७औं राष्ट्रपति चुन्दै...

सात राज्यलाई 'स्विङ स्टेट' का रूपमा लिइन्छ । जहाँ कुन पार्टीले जित निकाल्ने भनेर अनुमानै गर्न मुस्किल हुन्छ । एरिजोना, जर्जिया, मिसिगन, नेभाडा, नर्थ क्यारोलाइना, पेन्सिलभनिया र विस्कन्सिन यस्ता राज्य हुन् । यही राज्यको मत आफूलाई पार्न सके जित्न सकिने आशामा ट्रम्प र हयारिसले अन्तिम चुनावीसभा यही राज्यहरूमा गरेका छन् । मैने राज्यका चार र नेब्रास्का राज्यका पाँच मत भने 'कंग्रेसनल डिस्ट्रिक्ट मेथड'का आधारमा राष्ट्रपतिका उम्मेदवारले मत प्राप्त गर्छन् ।

■■■

### नेपाली अमेरिकनमा...

अमेरिकामा रहेका नेपालीहरू ट्रम्प र कमला दुवैतिर बाँडिएका देखिन्छन् । अमेरिकी नागरिक बनिसकेका अधिकांश व्यापारी ट्रम्पको पक्षमा देखिन्छन् भने नागरिक बन्ने चरणमा रहेकाहरू हयारिसको पक्षमा खुलेको मेरिल्यान्ड निवासी दावा वाइबा बताउँछन् । उनका अनुसार युवा वर्गको रोजाइमा पनि ट्रम्प परेका छन् । राष्ट्रपति चुनावमा मतदान गर्ने नेपाली अमेरिकनहरू पनि उत्साहित रहेको वाइबाको भनाइ छ ।

■■■

### पुरानो कार्यविधि...

यसैगरी कार्यविधिमा नेपाली इजाजतपत्र प्राप्त संस्थाले ई-७ भिसा प्रणालीको माग संकलन, प्रमाणीकरण तथा सहजीकरण एवं नेपाली कामदारका लागि आवश्यक कल्याणकारी सेवा तथा कार्यहरू गर्ने प्रयोजनका लागि कोरियामा कानुनीरूपमा दर्ता भएको आफ्नै सम्पर्क शाखा या अनुमति प्राप्त एसोसिएसनसँग सम्झौता गरेको हुनुपर्ने उल्लेख गरिएको छ ।

यस्तै कार्यविधिबमोजिम कोरियामा नेपाली नागरिकलाई रोजगारीका लागि पठाउँदा लाग्ने हवाइभाडा, बिमा, स्वास्थ्य परीक्षण, कल्याणकारी कोषमा योगदान, सामाजिक सुरक्षा कोषमा योगदान र श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले व्यहोर्ने भनिएकोमा सोहीअनुरूप हुने र अन्यको हकमा मन्त्रालयले तोकेबमोजिम हुने उल्लेख छ । साथै दूतावासमा मागपत्र प्राप्त भएको १५ दिनमा प्रमाणीकरण नभएमा त्यस्तो मागपत्र विभागमा पठाई प्रमाणीकरण गर्न सकिने व्यवस्था गरिएको छ ।

इपिएस प्रणाली नवीकरणसँगै कोरियामा ई-७ भिसामा पनि सरकारले नै सीपयुक्त कामदार पठाउन समझदारी गर्न सक्ने अवस्था हुँदाहुँदै म्यानपावर कम्पनीलाई पोस्नेगरी मन्त्री भण्डारीले हतारहतार संशोधित कार्यविधि भन्दै पुरानै कार्यविधिलाई ब्युँताएको मन्त्रालयकै एक उच्च अधिकारीले बताए । 'सरकारी तवरबाटै ई-७ भिसामा सीपयुक्त कामदार लैजाने पक्षमा कोरियाका अधिकारीहरू सकारात्मक थिए,' उनले भने, 'तर कामदारको हितभन्दा पनि व्यवसायीहरूलाई फाइदा पुग्नेगरी हतारिँदै इपिएस सम्झौता नवीकरण गर्नुअगावै कार्यविधि पुनः जारी गरियो ।'

ती अधिकारीका अनुसार मन्त्री भण्डारीले जापानसँग भएको समझदारीविपरीत म्यानपावरमार्फत सीपयुक्त कामदार पठाउन पाइनेगरी निर्देशिका जारी गरेका थिए । सोही निर्देशिकालाई सामान्य हेरफेर गरी कोरियामा सीपयुक्त कामदार पठाउने कार्यविधि तयार गरिएको हो । अहिले जापानमा कामदार पठाउने सम्बन्धमा बनाइएको निर्देशिका पनि स्थगित अवस्थामा छ । यसलाई पनि संशोधनसहित छिट्टै जारी गर्ने तयारी मन्त्री भण्डारीले गरेका छन् ।

# ऊर्जामन्त्री खड्का अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्मेलनमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारतमा सुरु भएको अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) सम्मेलनमा सहभागिता जनाएका छन् । उनी भारतको राजधानी नयाँदिल्लीमा आइतबारदेखि सुरु भएको सातौं गठबन्धन सम्मेलनमा सहभागी भएका हुन् ।

मन्त्री खड्का उक्त सम्मेलनमा भाग लिन आइतबार नयाँदिल्ली प्रस्थान गरेका हुन् । सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-२१) को २१औं सत्रमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको घोषणा गरिएअनुसार उक्त गठबन्धनको सातौं सम्मेलनमा मन्त्री खड्का सहभागी भएको विद्युत् विकास विभागका महानिर्देशक नविनराज सिंहले जानकारी दिए ।

कोप-२१ सम्मेलनमा भाग लिएका करिब एक सय २० राष्ट्रका प्रमुखले सौर्य ऊर्जाको प्रवर्द्धनका लागि क्रियाशील गठबन्धनमा आफ्नो सहभागिता हुने प्रतिबद्धता जनाएका थिए । उक्त सम्मेलनमा विश्वभर ऊर्जा पहुँच बढाउन, ऊर्जा सुरक्षा सुनिश्चित गर्न र ऊर्जा विकासलाई निर्देशित गर्ने माध्यमको रूपमा सौर्य ऊर्जा प्रविधिको बढ्दो उपयोगबारे छलफल हुने महानिर्देशक सिंहले बताए । अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको अध्यक्ष, सह-अध्यक्ष, महानिर्देशकलगायत पदसहितको नयाँ कार्यसमिति चयन गरिने छ ।

सम्मेलनले जलवायु परिवर्तन कम गर्न नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिमा पेस गरेको दोस्रो राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनमा सहयोग पुग्ने महानिर्देशक सिंहको भनाइ छ । सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यको लक्ष्य हासिल गर्ने नेपाल सरकारको प्रतिबद्धताअनुरूप सौर्यजस्ता स्वच्छ ऊर्जाको अधिकतम विकास एवं प्रवर्द्धनबाट स्वच्छ ऊर्जा सङ्क्रमण कार्यान्वयनमा सहयोग पुग्नेछ ।

विद्युत्को माग र आपूर्तिबीचको सन्तुलन कायम गर्न सौर्य ऊर्जा विकासको माध्यमबाट ऊर्जा मिश्रणको सहायताले ऊर्जा सुरक्षा हासिल गर्न मद्दत पुग्ने बताइएको छ । सम्मेलनमा हरित विकास, जलवायु परिवर्तन र सौर्य ऊर्जा विकाससँग सम्बन्धित विश्वमा भएका सफल अभ्यास आदानप्रदान गरिनेछ ।

उक्त सम्मेलनमा ऊर्जामन्त्री खड्काले भारतका ऊर्जामन्त्री एवं आइएसएका अध्यक्ष प्रल्हाद वेंकटेश जोशीसँग भेट्ने कार्यक्रमसमेत रहेको छ । भेटमा नेपालको नवीकरणीय ऊर्जा क्षेत्रको विकासका विविध विषयमा छलफल हुनेछ । आइएसएले हाल नेपालको राष्ट्रिय सौर्य ऊर्जा रोडम्याप, सौर्य ऊर्जामार्फत स्वास्थ्य, शिक्षा, पर्यटनको सम्भाव्यता खोजी, सौर्य सिँचाइलगायतका विभिन्न सात कार्यक्रममा सहयोग गर्नेछ ।

उक्त सम्मेलनमा मन्त्री खड्कासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारी, विद्युत् विकास विभागका महानिर्देशक सिंह र मन्त्री खड्काका आर्थिक सल्लाहकार (अर्थविज्ञ) अमित श्रेष्ठलेसमेत सहभागी छन् ।


**साउदीमा रोजगार** कम्पनी : Al Jabri Brothers Logistic Company

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312937 चलानी नं. ६०२२७४७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २७ गते (12th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gurung Management Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4386936, 4388012, 4388013, 4380659
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np
Govt. License 404/060/061

**कतारमा रोजगार** कम्पनी : 1000 WALLS INTERIORS & DECORATION WLL

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312953 चलानी नं. ६०२२७३७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1700 | ६२,७६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९२,३०४ | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,९२१ | | | | | | | |
| 4 | Supervisor | 2 | 0 | 3000 | १,१०,७६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २३ गते (8th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 312953 मिति: २०८१/०७/१६ मा प्रकाशित हुनुपर्नेमा शुभ दिपावलीको बिदा पर्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

DESTINY HR GROUP (P) LTD (Wide Range H.R. Pvt. Ltd)
Sinamangal-9, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085,
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com
श्रम इजाजत नं. १५५२/०७९/०८०

**साउदीमा रोजगार** कम्पनी : Al-Haddaq Fish Restaurant

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312957 चलानी नं.६०२२७४६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JB GLOBAL CONTRACTING CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/१४ LT. No. 312958 चलानी नं.६०२२७४६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Packer | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २५ गते (10th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 312957/ 312958 मिति: २०८१/०७/१७ मा प्रकाशित हुनुपर्नेमा शुभ दिपावलीको बिदा पर्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
श्रम इजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590

**साउदीमा रोजगार** कम्पनी : Initial Saudi Arabia Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 313006 चलानी नं.६०२२७४७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 34 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Nass Human Resources Company

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 313004 चलानी नं.६०२२७४७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 25 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २७ र २८ गते (12 & 13 Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Al Maneef Fuel Company

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ LT. No. 312879 चलानी नं. ६०२१७३७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Petrol Station Worker | 8 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २७ गते (12th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**कुवेतमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : CONTINENTAL INTERNATIONAL GENERAL TRADING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८०/०९/२० LT. No. 297598 चलानी नं. ६०२१२६३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook (Bakery/pastry) | 15 | 0 | 170 | ७४,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesperson | 20 | 20 | 140 | ६१,३१५ | | | | | | | |
| 3 | Waiter | 20 | 20 | 140 | ६१,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २७ गते (12th Nov. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**साउदी/युएईमा रोजगार** कम्पनी : Technical Construction Services Company for Equipment

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 313077 चलानी नं. ६०२२७४६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workshop Worker | 1 | 0 | 1700 | ५०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ८९,३५५ | | | | | | | |
| 3 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६४,३३५ | | | | | | | |

कम्पनी : Tareeq Al Salsabil Technical Services

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 313080 चलानी नं. ६०२२७४६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Mechanical | 3 | 0 | 2200 | ८०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Supervisor | 1 | 0 | 2300 | ८४,०३५ | | | | | | | |
| 3 | Electrician (Gen.) | 1 | 0 | 2300 | ८४,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २४ गते (9th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 313077/ 313080 मिति: २०८१/०७/१७ मा प्रकाशित हुनुपर्नेमा शुभ दिपावलीको बिदा पर्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

RAJ GROUP OF COMPANIES
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

मंगलबार, २० कात्तिक, २०८१

| | |
|---|---|
| मेष | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| वृष | मार्गदर्शन अनुचित लाग्नेछ । |
| मिथुन | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| कर्कट | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| सिंह | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| कन्या | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| तुला | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| वृश्चिक | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| धनु | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| मकर | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| कुम्भ | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| मीन | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५२४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४२४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८२४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७२८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२२४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०२४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२२४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०२४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७२४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२२४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५२४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८२४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२२४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० कात्तिक, २०८१ (०५ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२४ | १३४.८४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.२४ | १७५.०२ |
| स्विस फ्रैन्क | १ को | १५४.७७ | १५५.४६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.९९ | ८९.३९ |
| क्यानाडियन डलर | १ को | ९६.९२ | ९७.३५ |
| सिङ्गापुर डलर | १ को | १०१.६५ | १०२.११ |
| जापानी येन | १० को | ८.८४ | ८.८८ |
| चिनियाँ युआन | १ को | १८.८४ | १८.९३ |
| साउदी अरब रियाल | १ को | ३५.७४ | ३५.९० |
| कतारी रियाल | १ को | ३६.८२ | ३६.९८ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५५ | ३६.७१ |
| मलेसियन रिङेट | १ को | ३०.९३ | ३१.०७ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५६ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.२५ | ४४०.२१ |
| बहराइन दिनार | १ को | ३५६.०५ | ३५७.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**बूढानीलकण्ठमा भक्तजन** | काठमाडौंको बूढानीलकण्ठ मन्दिरमा दर्शन गर्न आएका भक्तजन । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# काठमाडौंमा छठको तयारी



**काठमाडौं (प्रस)-** हिन्दूहरूको दोस्रो ठूलो चाड तिहार सकिएसँगै राजधानीलगायत तराईका जिल्लामा छठको तयारी सुरु भएको छ ।

पशुपति क्षेत्रस्थित गुहृयेश्वरी मन्दिरमुनिको बागमती किनारमा आकर्षकरूपमा छठघाट निर्माण थालिएको छ । गुहृयेश्वरीबाट गौरीघाटसम्म आकर्षक रूपमा सजाएर छठघाट अर्थात् पूजास्थल निर्माण भइरहेको छ । यस क्षेत्रमा ६७५ वटा छठघाट अर्थात् पूजास्थल निर्माण सुरु गरिएको गुहृयेश्वरी गौरीघाट छठ पूजा समितिले जनाएको छ ।

तयारीका लागि यस क्षेत्रमा सफाइ, माटो सम्याउनेलगायत काम पनि भइरहेको छ । एउटा छठघाट पूजाका लागि एक हजार १०० रूपैयाँ समितिले शुल्क लिने गरेको छ । छठका लागि आवश्यक तयारीको खर्च जुटाउन शुल्क लिने गरिएको हो । विगत वर्षमा पशुपति क्षेत्र विकास कोषले पनि गुहृयेश्वरी गौरीघाट छठ पूजा समितिलाई छ लाख रूपैयाँ सहयोग गर्ने गरेको थियो । यस वर्ष पनि सहयोग गर्ने वाचा गरेको समितिले जनाएको छ ।

यसैगरी कमलपोखरी, नागपोखरीलगायत स्थानमा पनि छठ मनाउन छठघाट निर्माण भइरहेको छ । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ मनाइन्छ । छठको विधि भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै सुरु हुने बताइन्छ । छठ व्रत बसेर छठ घाटभित्र प्रवेश गरेर सूर्यलाई पूजा आराधनासहित अर्घ्य दिनेले कार्तिक कृष्ण प्रतिपदादेखि नै लसुन, प्याजलगायत तामसी खाद्य परिकार नखाई शुद्ध बस्ने व्रत विधि छ ।

कार्तिक शुक्ल पञ्चमीका दिन व्रतालुले सखर, घिउलगायत शुद्ध खाद्यपदार्थबाट बनेको खरना खान्छन् । यसलाई पनि छठको एउटा विधिका रूपमा लिइन्छ । व्रतालुले छठको मुख्य दिन कार्तिक शुक्ल षष्ठीका दिन बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य दिन्छन् । यस वर्ष यही कात्तिक २२ गते बिहीबार यस पर्वको मुख्य दिन परेको छ ।

भोलिपल्ट अर्थात् कार्तिक शुक्ल सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्व समापन हुन्छ । कृषिप्रधान देशमा यो पर्व कृषि सामग्रीसँग पनि जोडिएको छ । अन्नबाली उत्पादन भएर किसानको घरमा भित्रिने यो समय देवतालाई ती अन्न चढाउने अवसरका रूपमासमेत उपयोग गरिँदै आएको छ । पछिल्लो समय काठमाडौंलगायत पहाडी जिल्लामासमेत धुमधामका साथ छठ पर्व मनाउन थालिएको छ ।

# १० वर्षमा फेरिएको 'उजाड डाँडो'

■ **खेमराज गौतम**

**गलकोट (बागलुङ)**– झाडीले ढाकिन थालेको पाखो, त्यहीबीचमा उजाड डाँडो । १० वर्षअघि यस्तो पहिचान रहेको तारजालकोट क्षेत्र अचेल भव्य संरचनासहित गुल्जार बनेको छ । त्यो हो, पञ्चकोट ।

१० वर्षअघि कसैले पनि सोचेका थिएनन्, त्यो उजाड डाँडो धार्मिक पर्यटकीय क्षेत्र र तपोभूमि बन्ला भनेर । त्यही डाँडो हाल आकर्षक पर्यटकीय संरचनाले भरिएको छ, ती संरचना आन्तरिक तथा बाहृय पर्यटकलाई लोभ्याउने आधार बनेका छन् ।

यो क्षेत्र बाइसेचौबिसे राजाका पालमा यस्तै आकर्षक थियो भनिन्छ तर लामो समयसम्म संरक्षणको अभावमा वञ्जर बन्यो । पछिल्लो समय यही तारजालकोटसहित पाँचकोटलाई एकीकृतरूपमा पञ्चकोट बनाउने संकल्प गरेका पञ्चकोटका संस्थापक एवं परिकल्पनाकार मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यको पहलमा यो क्षेत्र धार्मिक पर्यटकीय क्षेत्र बन्न सफल भएको हो ।

तारजालकोट भनिने उजाड डाँडा अहिले पञ्चकोटको रूपमा विश्वचर्चित बनेको बागलुङ नगरपालिका-६ सिमका स्थानीय गोविन्द आचार्यले बताए । पञ्चकोटलाई सरकारले १०० पर्यटकीय गन्तव्यमासमेत सूचीकृत गरेपछि पञ्चकोटको महिमा झनै बढेर गएको उनको भनाइ छ ।

'सानातिना पाँच वटा कोट थिए, स्वामी कमलनयनाचार्यको गृह गाउँ भएकाले २०७० सालमा स्वामी यहाँ भएको एक यज्ञमा आउनुभयो, त्यसक्रममा उहाँले अहिले पञ्चकोट भएको स्थानमा ध्यान र तपस्या गर्ने क्रममा पाँचकोटको संगमस्थल बनाउने परिकल्पना गर्नुभएको थियो,' आचार्यले भने, 'स्वामीज्यूको परिकल्पनालाई स्थानीयले साथ दिएका कारण अहिले त्यो उजाड डाँडा धार्मिक पर्यटकीयस्थल बनेको छ ।'

आचार्यका अनुसार स्वामी कमलनयनाचार्य भान्सास्थित सदाशिव आधारभूत विद्यालयमा आयोजना गरिएको महायज्ञमा आएपछि उनले पञ्चकोटको विकास गर्ने परिकल्पना गरेका थिए । त्यसपछि अहिले पञ्चकोटमा रहेको गरुडशिलाभित्र रहेको गुफामा कुटी बनाएर ध्यान तपस्या गर्दै आएका र २०७१ साल फागुन ९ गते पञ्चकोटमा १०८ फिट अग्लो विश्वशान्ति कलशसहित अन्य संरचना बनाउन थालिएको थियो । करिब ९० रोपनी जग्गामा अहिले दर्जनौ धार्मिक संरचना निर्माण भइसक्दा पञ्चकोटको महत्त्व बढेको मात्रै छैन विश्वव्यापीसमेत भइसकेको धेरैको भनाइ छ ।



प्राकृतिक छटाले भरिपूर्ण पञ्चकोट क्षेत्रको ताराजालकोट, कारिकोट, माझकोट, राङराङकोट र संसारकोट गरी पाँच कोटको संयुक्त रूपलाई नै पञ्चकोटका रूपमा विकास गरिएको छ, पछिल्लो समय पञ्चकोटमा स्थानीय, प्रदेश र संघीय सरकारको समेत लगानी बढ्न थालेको छ ।

बागलुङ नगरपालिका-६ का वडा अध्यक्ष रुद्र केसीले तारजालकोटमा पञ्चकोटको संरचना बनेको र भने अन्य कोटलाईसमेत पुनर्निर्माण गरी नित्य पूजाआजा गर्न थालिएको जानकारी दिए । 'अहिले पञ्चकोट भनिएको ठाउँ तारजालकोट हो, त्यसमाथिका चारवटा डाँडामा अरू कोट रहेका छन् कारिकोट, माझकोट, राङराङकोट र त्यो क्षेत्रकै सबैभन्दा अग्लो डाँडामा संसारकोट रहेको छ,' केसीले भने, 'पञ्चकोटका कारण अन्य कोटहरूमासमेत सामान्य पूर्वाधार निर्माण भइरहेका छन्, अन्य कोटमा जाने पदमार्ग, सत्तललगायत संरचना निर्माण भइरहेका छन् ।'

पञ्चकोटमा १० वर्षको अवधिमा ५० करोड रूपैयाँभन्दा बढी लगानीमा विभिन्न भौतिक संरचनाहरू निर्माण भइरहेका छन् । पञ्चकोटका संस्थापक स्वामी कमलनयनाचार्यले यस भूमिलाई धार्मिक क्षेत्र बनाउन लागि १० वर्ष लागेको र अझै अन्य योजनाहरू कार्यान्वयनको चरणमा रहेको बताए । दामोदरकुण्ड, मुक्तिक्षेत्र, गलेश्वरधाम, पञ्चकोट, शालग्राम संग्रहालयसहित त्रिवेणीधामसम्मको धार्मिक क्षेत्रलाई एकीकृत गरी पञ्चकोटको विकास भइरहेको उनले जानकारी दिए । 'कालीगण्डकीले कुँदेको पहाडमा यो विशाल संरचना त्यसै बनेको छैन, यहाँ धेरैको सहयोग, लगानी छ । हाल सरकारीस्तरबाट समेत बजेट आइरहेको छ, यहाँ राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्मको सवारी भइसकेको छ,' उनले भने, '१०८ फिट अग्लो कलश निर्माणका लागि समय समयमा महायज्ञ गर्दै आइएको छ ।'

पञ्चकोटमा गत फागुनमा मुक्तिनाथ महाघण्ट स्थापना गरिएको छ । पञ्चधातु सुन, चाँदी, तामा, पित्तल र फलाम मिसाएर बनाइएकाले यो घण्टीलाई 'महाघण्ट' भनिएको स्वामीको भनाइ छ । महाघण्ट आठ वर्षदेखिको परिकल्पना हाल आएर पूरा भएको र पञ्चकोटका सम्पूर्ण योजनाले पूर्णता पाउन भने अझै १० वर्ष लाग्ने जनाइएको छ । पञ्चकोटमा अहिलेसम्म सिसमहल, गरुड शिला, गण्डकीमाताको मन्दिर, पञ्चयज्ञशाला, हनुमानको विशाल मूर्तिलगायत दर्जनौं धार्मिक संरचना बनिसकेका छन् । विभिन्न दाताको सहयोग, महायज्ञबाट संकलन भएको रकम र सरकारबाट भएको करोडौंको लगानीले यी संरचना बनेका हुन् ।

समुद्री सतहदेखि एक हजार ७५० मिटरको उचाइमा रहेको पञ्चकोटमा धार्मिक संरचना निर्माणका लागि २०७१ फागुन ९ गते तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले शिलान्यास गरेका थिए । यहाँ करिब १०० रोपनी क्षेत्रफलमा तीन तलाको अतिथि आवास तथा कन्या गुरुकुल, रेलिङसहितको पदमार्ग निर्माण भइसकेको छ । यस्तै, गण्डकी माताको मन्दिर र गरुणशिला, सिसमहल, सत्संग भवन, गणेश मन्दिर, हनुमानको मूर्ति, पाहुनाघर बनिसकेका छन् । *रासस*

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारको सक्रियता

**काठमाडौं (प्रस)–** सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सक्रियता देखाएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पछिल्लो समय मानव बेचबिखन तथा ओसारपसरा पीडित/प्रभावित भएका ७७ जना महिलाको स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गरेको जनाएको छ ।

यसैगरी मानव बेचबिखन (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयकको मस्यौदा मन्त्रिपरिषद्मा पेस गरेको सचिव दिनेश भट्टराईले जानकारी दिए । मन्त्रालयले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदासमेत तयार गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन तथा केन्द्र व्यवस्थापनका लागि सिन्धुपाल्चोक, काठमाडौं र सुर्खेतमा सञ्चालनमा रहेका तीनवटा पुनर्स्थापना केन्द्रलाई सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना भुक्तानीसमेत गरेको जनाइएको छ । आर्थिक वर्ष २०७१/७२ देखि सञ्चालनमा रहेका यी केन्द्रबाट १४८ जनाले सेवा प्राप्त गरेको र चालु आवमा १८ जना महिला तथा किशोरीलाई सुरक्षित रूपमा पुनर्स्थापना केन्द्रबाट सेवा प्रवाह गरेको सचिव भट्टराईले जनाकारी दिए ।

नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गरेको छ । यससम्बन्धी नेपालको विद्यमान 'कानुन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ । मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानुनी सहायता ऐन २०५४ र पारस्परिक कानुनी सहायता ऐन २०१४ को प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको सचिव भट्टराईको भनाइ छ ।

यसैगरी मानव बेचबिखनसँग जोडिएका राहदानी ऐन २०७४, संगठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४, संगठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगायतका कानुनकोसमेत प्रभावकारी कार्यान्वयन गर्न जोड दिइएको छ ।

नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई एक गम्भीर अपराधको रूपमा पहिचान गर्दै त्यस विरुद्धका प्रावधानलाई मौलिक हक तथा राज्यका नीतिअन्तर्गत राखिएको छ । माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले मानव बेचबिखन रोक्नका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ लाई संशोधन गर्नुपर्ने आवश्यकता औंल्याइन् ।


**कुवेत/कतारमा रोजगार**

कम्पनी : AHMED AND BODOUR GENERAL TRADING CO.

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313030 | चलानी नं. ६०२२७४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 8 | 0 | 150 | ६५,६८२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef | 10 | 0 | 150 | ६५,६८२ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 150 | ६५,६८२ | | | | | | | |
| 4 | Driver | 5 | 0 | 150 | ६५,६८२ | | | | | | | |
| 5 | Head Chef | 3 | 0 | 250 | १,०९,४७० | | | | | | | |
| 6 | Stewarding/Kitchen Helpers | 5 | 0 | 110 | ४८,१६७ | | | | | | | |
| 7 | Waiter(Male) | 25 | 0 | 130 | ५६,९२५ | | | | | | | |
| 8 | Waitress (Famale) | 0 | 5 | 130 | ५६,९२५ | | | | | | | |

कम्पनी : MARAKKAR WHEELS AUTO SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313063 | चलानी नं. ६०२२७४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT TECHNICIAN | 1 | 0 | 1100 | ४०,६१३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric Equipment Labor | 1 | 0 | 1100 | ४०,६१३ | | | | | | | |
| 3. | Foreman | 1 | 0 | 2500 | ९२,३०४ | | | | | | | |
| 4. | Helper | 2 | 0 | 1000 | ३६,९२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक २३ गते (8th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 313030/ 313063 मितिः २०८१/०७/१६ मा प्रकाशित हुनुपर्नेमा शुभ दिपावलीको बिदा पर्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

श्रम इजाजत नं. 1587/079/80

**SAAD OVERSEAS PVT.LTD.**

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



**साउदीमा रोजगार**

कम्पनी : Laundry Basket For Washing Cloths

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313003 | चलानी नं. ६०२२७४७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPET CLEANERS | 1 | 0 | 1300 | ४६,४६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LAUNDRY WORKER | 1 | 0 | 1300 | ४६,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक २७ गते (12th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Nile International Manpower Agency Pvt. Ltd.

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Email : nileintl@wlink.com.np/ nileintl1@gmail.com/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम इजाजत नं. ८२०/०६६/०६७



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक १८८ कात्तिक १५ गते २०८१ मा प्रकाशित **Mobhira H.R. Service Pvt. Ltd.** को Lot No. 312889 को **Howdra Employment Services** को विज्ञापनमा **Steel Fixer को महिलाको संख्याः ०** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

MOBHIRA H.R. SERVICE PVT. LTD.

Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y01 | N/A | CHINA | PCS | 6,860.00 | 7,740.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y02 | N/A | CHINA | PCS | 6,890.00 | 7,780.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y03 | N/A | CHINA | PCS | 7,030.00 | 7,930.00 | |

बिक्रेताको फर्मको नामः Panchasorna Group Pvt. Ltd. | स्थायी लेखा नंः 606749170

ठेगानाः Pespsikola-32, Kathmandu, Nepal | फोन नंः 9801171012



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६८/०४/१६ मा दर्ता भएको प्रा.लि.नं. २३९३९२ को **सदिक्षा इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कतारमा रोजगार**

कम्पनी : AL MUKHTAR CLEANING & SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/१९ | LT. No. 297375 | चलानी नं. ६०२१७२७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | 1 | 1000 | ३६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौं, (बाँसबारी, थाइल्याण्ड इम्बेसी पछाडी) मा मितिः २०८१ कार्तिक २७ र २८ गते (12 & 13 Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**

Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



**साउदीमा रोजगार**

कम्पनी : OVEN AND COFFEE ESTABLISHMENT FOR SERVING BEVERAGES

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312990 | चलानी नं. ६०२२७४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 3 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक २४ गते (9th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

यो विज्ञापन LT No. 312990 मितिः २०८१/०७/१७ मा प्रकाशित हुनुपर्नेमा शुभ दिपावलीको बिदा पर्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**G.R. Manpower Service Pvt. Ltd.**

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com

श्रम इजाजत नं. ८६१/०६६/०६७

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## मौलिकता हराएको देसीभैलो

उज्यालोको पर्व तिहार सकिएको छ । यो पर्वलाई हिन्दूहरूको दोस्रो ठूलो पर्वका रूपमा पनि लिइन्छ । सामाजिकरूपमा खुसी र रमाइलोका साथ तिहारमा खेलिने देउसीभैलोले पनि यो पर्वको रौनकता बढाएको हो । परम्परादेखि नै तिहारमा गाइने देउसीभैलोले नेपाली समाजलाई उत्सवमय बनाएको छ । यसलाई उत्सव, उल्लास र उत्साहको गीतका रूपमा पनि लिइन्छ । सामान्यतया देउसीभैलो एउटाले भटचाउने र अरुले सहमतिस्वरूप 'देउसी रे' वा 'भैली' भन्ने गर्छन् । नेपाली परम्परागत बाजा मादल, मुजुरा, खैँचडी बजाउँदै देउसीभैलो खेल्ने चलन छ ।

तर हिजोआज भने यो पर्वको मौलिकतामाथि आक्रमण बढेको प्रत्यक्ष देखिएको छ । लाउडस्पिकरमा हिन्दी रिमिक्स गीत प्रयोग गरी मौलिकता नै प्रतिस्थापन गर्ने काम बढ्दो छ । रेकर्डेड गीत सुनाउँदै नाँच्दै दक्षिणा माग्ने चलनले परम्परा नै बिर्सने खतरा बढेको हो । देउसीभैलो भटचाउने र परम्परागत बाजा बजाउनुलाई सिर्जनशीलतासँग जोडिन्थ्यो । यसलाई परम्परागत पर्वका साथ ज्ञान तिखार्ने चौतारीका रूपमा पनि लिइन्थ्यो । प्रविधिको प्रयोग गरी तयारी संगीत पस्कँदा सिर्जनशीलता र कलाकारिता प्रस्फुटन हुन नपाउने त पक्का भयो यसका साथै एउटै लाउड स्पिकरले टोल नै थर्किंदा ध्वानि प्रदूषण बढाउने कामसमेत गरेको छ ।

पहिलेपहिले आफ्नो–आफ्नो गच्छेअनुसार दक्षिणा दिइन्थ्यो । गाउँठाउँमा सबै घर पुगेर देउसीभैलो खेलिन्थ्यो । हिजोआज भने तोकेर नै दक्षिणा माग्ने प्रवृत्ति मौलाएको छ । जसकारण कम दक्षिणा आउने अनुमान गरिएको घरमा भने देउसीभैलो नै नखेल्ने प्रवृत्ति बढ्दो छ । यस वर्षको तिहारमा यस्तो प्रवृत्ति झन् बढेको देखियो ।

यसले सांस्कृतिक पक्ष कम, मनोरञ्जन बढी हुँदै गएकोले देउसीभैलोको परम्परागत महत्त्वसमेत ओझेलमा परेको छ । तिहारलाई पारिवारिक सम्बन्ध र संस्कारको पर्वका रूपमा लिइन्छ । यमपञ्चकका रूपमा चिनिने यो पर्व पाँच दिन मनाइन्छ । खासगरी धन दौलत वैभव र सुखसँग जोडिने भएकाले पनि यस पर्वलाई समृद्धिको पर्वका रूपमा पनि लिइन्छ ।

काग, कुकुर, गाई, गोरुकोसमेत पूजा गरिने भएकाले तिहारलाई प्रकृतिसँग एकाकार भएको पर्वका रूपमा हेरिन्छ । यस पर्वको महत्त्वसँगै सयपत्री, मखमली र गुर्दौली फूल, र सेलरोटी पनि सँगै जोडिएर आउँछ । अर्को मुख्य विषय भनेको गाउँसमाज र टोलछिमेकबीच परस्पर बलियो सम्बन्ध बढाउने र भ्रातृत्वका विकास गराउने भनेको देउसीभैलो नै हो । यस्तो पर्वलाई जोगाइराख्न मौलिकता जोगाउनैपर्छ । किनकि प्रविधि र प्रवृत्तिका कारण पर्व र मौलिकता दुवै गुम्ने खतरा बढेको छ ।

### मननयोग्य

### चाणक्य नीति

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन् । विष्णुगुप्त आश्चर्यमा पर्दै ती बृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन् ।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन । क्रमश :

# लगानी सप्ताह, ठगी र रोकथाम



■ अच्युतकुमार ओझा

> सेयरबजारमा हुने ठगीहरू रोक्नका लागि सर्वप्रथम स्वयं लगानीकर्ता जागरुक हुन जरुरी छ । आफूले लगानी गर्नका लागि लिइएका तथ्य र सूचना सही हो होइन परीक्षण गर्नुपर्छ । लगानी गर्दा कसैले भन्दिएकै भरमा गर्ने गर्नु हुँदैन । यथार्थ जानकारी लिएर मात्रै गर्नुपर्छ । लगानीका लागि आवश्यक ज्ञान, सीप र योग्यता बढाउन आवश्यक कार्यहरु गर्नुपर्छ । छिटो र छोटो बाटोबाट धनी हुने स्किम भएका लगानीका अवसरहरू हेर्दा आकर्षक देखिएता पनि त्यो गलत हुनसक्छ । त्यस्ता काल्पनिक प्रतिफल दिने लगानीबाट सधैं होसियार हुन जरुरत छ ।

धितोपत्र बजारका नियमनकर्ताहरूको अन्तर्राष्ट्रिय संगठनले सन् २०१७ देखि विश्व लगानीकर्ता सप्ताह आयोजना गर्दै आएको छ । भर्खरै संसारभर विश्व लगानीकर्ता सप्ताहको आठौं संस्करण-२०२४ यसै साता सम्पन्न भएको छ । नेपाल धितोपत्र बोर्ड (सेबोन) को नेतृत्वमा नेपालमा पनि धितोपत्र बजारसँग सरोकार राख्ने नेपाल स्टक एक्सचेञ्ज (नेप्से), सिडिएस एन्ड क्लियरिङ (सिडिएससी), मर्चेन्ट बैंकर एसोसिएसन, स्टक ब्रोकर एसोसिएसन अफ नेपाल, धितोपत्र ब्रोकर्स एसोसिएसन अफ नेपाल, क्रेडिट रेटिङ संस्था, स्टक डिलर, निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको संलग्नतामा कात्तिक ६ देखि १२ गतेसम्म सातै प्रदेशमा सर्वसाधारण र लगानीकर्तालाई लगानी शिक्षा र सचेतना गराउँदै, विश्वविद्यालय स्तरका विद्यार्थीहरूमा निबन्ध प्रतिस्पर्धा, क्रेडिट रेटिङ जानकारी, मिडियामार्फत लगानीसम्बन्धी मुख्य सन्देश प्रवाह, लगानीसम्बन्धी शैक्षिक सामग्री वितरण, विद्यार्थीहरूलाई नेप्से, सिडिएससी, मर्चेन्ट बैंक र ब्रोकर कार्यालयको भ्रमणलगायतका गतिविधि गरेर सम्पन्न भएको छ ।

यस वर्षको लगानी सप्ताहले मुख्य गरेर लगानीका आधारभूत पक्षहरू, प्रविधि तथा डिजिटल फाइनान्स, दिगो वित्त र धोखाधडी तथा घोटालाको रोकथाम सम्बन्धमा लागानीकर्तामा साक्षरता सिर्जना गर्नु रहेको थियो । साथै, हरेक व्यक्तिलाई निजसँग भएको धन लगानी गरेर अझै समृद्धि प्राप्त गर्न प्रोत्साहन गर्नु, असुरक्षित ढंगबात लगानी गरियो भने लगानीकर्ता कसरी ठगिन पुग्छ ? कसरी आफ्नो सम्पत्ति गुमाउन बाध्य हुन्छ ? उसले गरेको लगानी कति सुरक्षित र जोखिममा रहेको छ ? लगानी गर्न बजारमा जाँदै गर्दा कस्ता स्क्याम र फ्रडहरू हुन सक्छ ? हरेक लगानीकर्ताले कमाउन सम्भव छ ? के लगानी सुरक्षित ढंगबाट गर्ने उपायहरू छन् ? यस्ता प्रश्नहरूको जवाफ लगानी सप्ताहका कार्यक्रमहरूले दिन सकेको छ भने ती गतिविधिहरूको औचित्य हुन्छ अन्यथा कर्मकाण्डीमात्रै हुने निश्चित छ । नेपालमा लगानीका सम्बन्धमा ठगी, छलकपट र धुर्ताईका घटनाहरू धेरै भएका छन् तर कारबाही र क्षतिपूर्ति भराउने काम भने अत्यन्तै कम हुने गरेको देखिन्छ ।

**घटना १ :**

कुनै समय निजी क्षेत्रबाट ऊर्जा क्षेत्रको विकासका लागि योगदान गरेर कहलिएका एक प्रतिष्ठित व्यक्ति जो रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको अध्यक्ष थिए । धनको लोभमा आफूलाई नियन्त्रण गर्न नसकी उनले कानुनको बर्खिलाप हुने गरेर आफू स्वयं अध्यक्ष भएको कम्पनीको सेयर आफ्ना सन्तानको नामबाट बिक्री गरेर सोझा लगानीकर्ता फसाउने खेलमा लाग्दा धितोपत्र बजारको इतिहासमा पहिलोपटक नियामक निकायले अदालतमा उजुरी गरेर कारबाहीको कालो धब्बा बोक्न बाध्य भए । यो मुद्दा विशेष अदालतबाट फैसला भइसके पनि सर्वोच्च अदालतमा पुनरावेदनको प्रक्रियामा रहेको छ । यस्तै अर्का पात्र ज्ञानेन्द्रलाल प्रधानले पनि आफू नेपाल हाइड्रो डेभलपर्स कम्पनीको अध्यक्ष हुँदाहुँदै संस्थापक सेयर बेचेर धनी हुन खोज्दा कानुनको फन्दामा पुगे । यी प्रतिनिधि घटनाले के देखाउँछ भने कयौं संस्थाहरू सेवा र वस्तु बेचेरभन्दा सेयर बिक्री गरेर नाफा कमाउन खोलिएको हो । त्यसैले संस्थापकहरू 'लकइन पिरियड' खुल्नेबित्तिकै आफ्नो सेयर बिक्री गरेर भाग्ने गरेको देखिन्छ ।

**घटना २ :**

विशाल बजार कम्पनी (हालसम्म) (राष्ट्रिय बिमा संस्थान र नेपाल बैंक लिमिटेड विगतमा) केही यस्ता कम्पनी छन्, जसका सञ्चालक विगत लामो समयदेखि कम्पनीबाट मोटो रकमको भत्ता, सुविधा र अन्य अवैधानिक लाभ लिइरहेका छन् तर कम्पनीमा शून्य सुशासन रहेको देखिन्छ । यसका कारण वर्षौंदेखि लेखापरीक्षण र साधारणसभा हुन सकेको छैन । कम्पनीको आर्थिक र व्यावसायिक अवस्था कस्तो छ कसैलाई थाहा छैन तर दोस्रो बजारमा उक्त कम्पनीको सेयर हजारौं मूल्यमा कारोबार भइरहेको छ । यस्तो लगानीकर्ताप्रति गैरजिम्मेवार सञ्चालक र कमजोर अनुशासन रहेको कम्पनीको सेयरको कारोबार हुन दिंदा सीधासाधा लगानीकर्ता विनाप्रतिफल आफ्नो धन जोखिममा हाल्न पुगेका छन् । यसबाट जोगिन सम्बन्धित लगानीकर्ता सजग हुन आवश्यक छ भने राज्यका निकायहरूले यस्ता कम्पनी र सञ्चालकलाई लगानीकर्ताप्रति जिम्मेवार बनाउन आवश्यक कानुनको व्यवस्था गर्नुपर्छ । विकृति र विसंगतिले बिग्रिएका लामो समयदेखि साधारणसभा, लेखापरीक्षण र कानुनी प्रक्रिया पूरा नगरी अटेरी गरेर बसेका कुनै पनि कम्पनीलाई दोस्रो बजारमा कारोबार हुनबाट रोक लगाउन सक्नुपर्छ । अनिमात्रै लगानीकर्ताको पैसा बालुवामा पानी हुनबाट जोगाउन सकिन्छ ।

**घटना ३ :**

सर्वोत्तम सिमेन्ट लिमिटेडले उत्पादनमूलक कम्पनीहरूलाई धितोपत्र बजारमा आकर्षित गर्न भनेर ल्याइएको 'बुक बिल्डिङ' विधिमार्फत आइपिओ जारी गर्नका लागि सर्वप्रथम आवेदन दिएको थियो । यस कम्पनीको सेयर सर्वसाधारणलाई बिक्री गर्नुपूर्व नै विवादमा पर्‍यो । उक्त समयका सेबोन अध्यक्षले 'गोल्डेन सेयर' आफ्नो छोरीको नाममा लिएको र त्यस कम्पनीलाई वास्तविक वित्तीय विवरणको आधारमा नभई झूठो वित्तीय अवस्था खडा गरी साधारण लगानीकर्ताबाट बढी मूल्य उठाउन पाउनेगरी मूल्य तोक्न सहयोग गरेको सूचना बाहिरिएसँगै चौतर्फी विरोध भयो । यसलाई थेग्न नसकेर अन्ततः अध्यक्ष पदबाट राजीनामा दिनुपर्ने अवस्थामा पुगे । त्यस समयमा यदि यो गैरकानुनी कार्य सफल भइदिएको भए वास्तविकताभन्दा धेरै मूल्यमा लगानीकर्ताले सेयर खरिद गरेर आफ्नो सम्पत्ति गुमाउनुपर्ने अवस्था आउनसक्ने थियो ।

**घटना ४ :**

कुनै समय गोल्डम्यान इन्भेस्टमेन्ट कम्पनीका सञ्चालकहरूले सर्वसाधारण नागरिकलाई प्रभावित पार्न कम्पनीको कार्यक्रममा समाजका प्रतिष्ठित लगानीकर्तालाई सहभागी गराएर 'म पनि लगानी गर्न चाहन्छु' भन्ने भाषण गर्ने वातावरण तयार गरी त्यसैलाई प्रचारको माध्यम बनाएर साधारण लगानीकर्तालाई लोभ्याउँदै संस्थापक सेयर भिडाउने काम गरेका थिए । संस्थापक सेयर प्रचारप्रसार गरेर बिक्री गर्न कानुनले दण्डित र बर्जित गर्दागर्दै पनि सामाजिक सञ्जालको प्रयोगमार्फत उक्त कम्पनीमा '१० लाख १० वर्षका लागि लगानी गरेर १० करोड पाउनुहोस्' भन्दै प्रचार गरेर सेयर बेच्न सफल भएका थिए । यसैमध्येका पीडित लगानीकर्ताले उजुरी गरेपछि छानबिन हुँदै गर्दा मुख्य संस्थापक लगानीकर्ताहरू आफ्नो सेयर अरुलाई गुपचुप बिक्री गरेर उन्मुक्त भइसकेका थिए तर खरिदकर्ताहरू हालसम्म पीडित नै छन् । त्यसलगतै कम्पनीको कारोबार तथा बैंक खाताहरू रोक्का गरिएता पनि जालसाजी ढंगले सेयर बिक्री गर्ने संस्थापकहरूलाई कुनै कारबाही हुन सकेको छैन ।

**घटना ५ :**

सेबोनका निवर्तमान अध्यक्षको पालामा लगानीकर्ता र त्यसका संगठनहरूले खबरदारी गर्दागर्दै बिमा प्राधिकरणका अध्यक्ष र उनको मिलिभगतमा कानुनीरूपमा बिमा ऐन, नियमावली र निर्देशिकाहरूमा बिमा कम्पनीहरूले आफ्नो चुक्ता पुँजीको ३० प्रतिशत सेयर अनिवार्यरूपमा सर्वसाधारणलाई निष्कासन गर्नुपर्ने भन्ने व्यवस्था भए पनि प्रिमियम मूल्य जोडेर निकाल्ने अनुमति दिँदा रिलायबल नेपाल लाइफ, सिटिजन लाइफ, आइएमई लाइफ र सन् नेपाल लाइफ इन्स्योरेन्सलगायतका कम्पनीले थप प्रिमियम जोडेर सर्वसाधारणको अर्बौं रकम संस्थापकहरूले उठाएका छन् । यसै सिलसिलामा अख्तियारमा उजुरी हुँदाहुँदै रातारात यसरी नै प्रिमियममा हिमालय रि-इन्सुरेन्सको सेयर बिक्री गर्न अनुमति दिएर जनताको पैसा ब्रह्मलुट भएका परिस्थितिहरू ताजा नै छन् । यस घटनामा सबैभन्दा टिठलाग्दो त के देखिन्छ भने राज्य संयन्त्रलाई पैसाको बलमा आफ्नो हातमा लिने र भएको कानुनी व्यवस्था नै रातारात परिवर्तन गरी आफू अनुकूल संशोधन गर्न लगाएर नागरिकलाई महँगोमा सेयर किन्न बाध्य बनाउने खेलमा संस्थापक र व्यापारीलाई स्वयं नियामकले नै साथ दिएको देखिन्छ ।

हिमालयन रि-इन्स्योरेन्सको आइपिओ आउनुभन्दा अगाडिसम्म तीन वर्ष सञ्चालन र नाफामा भएका कम्पनीहरूले मात्रै प्रिमियम मूल्यमा सेयर बिक्री गर्न सक्ने व्यवस्था थियो । उक्त कम्पनीका मालिकहरूको फाइदाका लागि प्रिमियममा सेयर जारी गर्न अयोग्य रहेको यस कम्पनीलाई योग्य बनाउन भइरहेको व्यवस्था नै परिवर्तन गरी तीन वर्षको ठाउँमा दुई वर्ष मुनाफा भएको कम्पनीले प्रिमियममा सेयर निष्काशन गर्नसक्ने गरी समय अवधि एक वर्ष कममा झारियो र आवेदन दिएको अत्यन्तै छोटो अवधिमा आइपिओ जारी गर्न अनुमति दिने काम भयो जुन परिघटनामा सुनियोजित षडयन्त्र देखिन्छ । यस्ता एउटै नीतिगत निर्णयबाट लगानीकर्ताको अर्बौं रकम झ्वाम पार्ने गरेको पाइन्छ । हालसम्म पनि उक्त प्रिमियमबापतको पैसा फिर्ता हुने आशामा लगानीकर्ता छन् ।

**घटना ६ :**

सन् नेपाल लाइफले केही समय अगाडि प्रिमियममा आइपिओ जारी गरिसकेको छ । यसमध्ये उक्त कम्पनीमा कार्यरत कर्मचारीहरूलाई पाँच प्रतिशत सेयर छुटचाइएको थियो । तर, केही सञ्चालक र कम्पनीका कार्यकारी प्रमुखको मिलिभगतमा कर्मचारीलाई भाग लगाइएको सेयरमध्ये कार्यकारी प्रमुखको नाममा ८० प्रतिशत छुटचाएर बाँकी २० प्रतिशतमात्रै कर्मचारीहरूलाई बाँडफाँट गरिएको थियो । हाल यो घटना बिमा प्राधिकरण र सेबोनसम्म पुगिसकेको छ । तत्काल यस समस्याको निराकरणका लागि कार्यकारी प्रमुखले राखेको उक्त सेयर कर्मचारीलाई पूर्ण वितरण गर्ने र दोषीलाई कारबाही गरिनुपर्ने माग भएको छ ।

**घटना ७ :**

धितोपत्र कारोबारमा बिक्रीपछि केही ब्रोकर कम्पनीहरूमा लगानीकर्तालाई समयमा भुक्तानी नदिने र अल्झाइरहने समस्या देखिन्छ । केही समय अगाडि नेप्सेलाई जानकारी गराउँदा पनि कुनै न्याय नपाएको भन्दै एक लगानीकर्ताले सिप्ला सेक्युरेटिज लिमिटेड, स्टक ब्रोकर नं. २० का विरुद्ध तेस्रोपटक निवेदन दिएको फोटो सामाजिक सञ्जालमा राखेका थिए । यो घटनामा हालसम्म बाहिर आएको समचार हेर्दा ब्रोकरहरू सकेसम्म पैसा नदिने र दिनैपर्ने अवस्था आएमा खाली खाताका चेक दिएर झुलाउने गरेको देखिन्छ ।

**घटना ८ :**

रिलायन्स स्पिनिङ मिल्स कम्पनीले केही समयअघि संस्थागत योग्य लगानीकर्ता र वैदेशिक रोजगारीमा गएकालाई बुक बिल्डिङ विधिबाट आइपिओ निष्कासन गरेर बाँडफाँट गरिसकेको छ तर वैदेशिक रोजगारीमा जानेलाई भन्दा पहिला प्रभावित स्थानीय व्यक्ति र कर्मचारीलाई जारी गर्नुपर्नेमा त्यसो गरिएको देखिँदैन । उक्त अवस्थामा आइपिओ खारेज गर्नका लागि लगानीकर्ताले विभिन्न निकायमा तिर्नुपर्ने विद्युत् महसुलबापतको अर्बौं रकम तिर्न बाँकी रहेको तर सो दायित्व नदेखाएको, महँगो मूल्य ८२० रूपैयाँ ८० पैसामा सेयर बिक्री गर्न नभएको नाफा देखाएर फर्जी वित्तीय विवरण पेस गरेकोले छानबिन गर्न माग गरेपछि पहिलोपटक सेबोनले छानबिनको नाटक गरेर लेखापरीक्षण कम्पनीको साथ लिएर चोख्याउन खोजिएको थियो । तर, लगानीकर्ताहरू सेबोनले आफ्ना कुरा नसुन्ने भेउ पाएपछि बाध्य भएर संसद्को सार्वजनिक लेखा समितिमा उजुरी गर्न पुगेका थिए । लेखा समितिले यसैका आधारमा सेबोनलाई स्पष्टीकरण दिन निर्देशन गरेसँगै सेबोनले आइपिओ निष्कासन रद्द गर्न रिलायन्सलाई निर्देशन गरेको थियो । हाल यो मुद्दा अदालतमा विचाराधीन छ ।

यसरी नेपालको धितोपत्र बजारमा देखिएका यस्ता घटनाहरूमध्ये केही मुख्य प्रतिनिधि घटना माथि प्रस्तुत गरिएको हो । खासगरी केही अपराधीको संलग्नतामा बजार घटाउन चाहँदा बजार बढिरहेको समयमा टिएमएस बिगार्ने, क्रेडिट रेटिङ गलत गरिदिने, सामाजिक सञ्जालको प्रयोगमार्फत भित्री तथा सर्कुलर कारोबार गर्ने, क्लब हाउसहरूमा तथाकथित विज्ञहरूले फलानो सेयर यति पुऱ्याउने, फलानोले किन्दै छ, फलानो समूहले उठाउन थाल्यो किन्दा हुन्छ, बजार यतिभन्दा माथि जाँदैन, तल जाँदैन, 'लो-क्याप' भएकाले छिट्टै मूल्य बढ्ने कुरा छ भन्ने हल्ला गरेर सोझा लगानीकर्तालाई किन्न लोभ्याउदै माथिल्लो बिन्दुमा पुगेपछि थोरै पुँजी भएका कमजोर कम्पनीका सेयरहरू भिडाएर बाठा लगानीकर्ता भाग्ने गरेका छन् ।

यस्तै संसद् र समितिहरूमा समेत फलानो सेयरको मूल्य बढी भयो भनेर नामै लिएर बहस गर्ने गरिएको देखिन्छ, जुन गलत छ । यसले लगानीकर्ताको मनोभाव बिगारिदिन्छ । कयौं मिडिया हाउसहरूले कुनै खास समूह र लगानीकर्तालाई लाभ दिने ढंगबाट समाचारहरू बनाउने गरेको पाइन्छ । कुनै कम्पनीको मूल्य घटाउनु छ नकारात्मक समाचार बनाउने र बढाउनु छ भने सकारात्मक समाचार लेख्ने गरेको पाइन्छ । नक्कली कमोडिटी बजार खडा गरेर छ अर्ब रूपैयाँभन्दा बढीको कारोबार भएकामा म्याक्स कम्पनीलाई कारबाही भइरहेको छ । यसले सहभागी भएका हजारौं लगानीकर्तालाई क्षति पुऱ्याएको छ । यसरी सूचना पासोलाई प्रयोग गरेर लगानीकर्तामाथि ठूलो चलखेल भइरहेको देखिन्छ । यस्ता घटनालाई समयमा रोक्नुपर्नेमा त्यसो हुन सकिरहेको छैन ।

**निराकरणको उपाय के हुन सक्छ ?**

यस्ता ठगीहरू रोक्नका लागि सर्वप्रथम स्वयं लगानीकर्ता जागरुक हुन जरुरी छ । आफूले लगानी गर्नका लागि लिइएका तथ्य र सूचना सही हो होइन परीक्षण गर्नुपर्छ । लगानी गर्दा कसैले भन्दिएकै भएरमा गर्ने गर्नु हुँदैन । यथार्थ जानकारी लिएर मात्रै गर्नुपर्छ । लगानीका लागि आवश्यक ज्ञान, सीप र योग्यता बढाउन आवश्यक कार्यहरू गर्नुपर्छ । छिटो र छोटो बाटोबाट धनी हुने स्किम भएका लगानीका अवसरहरू हेर्दा आकर्षक देखिएता पनि त्यो गलत हुनसक्छ । त्यस्ता काल्पनिक प्रतिफल दिने लगानीबाट सधैं होसियार हुन जरुरत छ । सामाजिक सञ्जालहरूमा आएका आकर्षक भनाइ र प्रचारप्रसारमा लागेर हचुवाको भरमा लगानी गर्नु हुँदैन ।

यस्तै नियामकहरूले ठगी गर्नेहरूलाई कडा कारबाहीका कानुनहरू बनाएर लागू गर्न आवश्यक छ । अर्बौं घोटला गर्नेहरूलाई केही लाखको सजाय अत्यन्त न्यून हुने हुनाले यसलाई बढाउन जरुरी छ । नीति निर्माता र निर्णय तहमा रहेकाहरूमा नैतिकता र इमान्दारिता हुनुपर्छ । कानुनमा भएका छिद्र र कमजोरीहरू सुधारेर त्यसलाई रोक्न आवश्यकताअनुसार संशोधन र परिमार्जन गर्दै जानुपर्ने देखिन्छ । लगानीकर्ताबाट परेका उजुरीहरूको समयमा छानबिन गरेर किनार लगाउन झन् धेरै खाँचो छ । लगानीमा हुने धोका, बेइमानी र छलकपट पहिचान गर्नका लागि नियामक निकायमा आवश्यक पर्ने सक्षम मानव संशाधन र प्रविधिको व्यवस्थासहित स्रोत साधनको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । लगानीमा प्रयोग हुने प्रविधि र यसको दुरूपयोग गरेर अपराधीहरूले कसरी ठगी गरिरहेका हुन्छन् हरेक लगानीकर्तालाई बुझाउनुपर्छ । टिएमएस, मेरो सेयर, बैंक खाता, वालेट र डिजिटल कारोबारलाई कसरी सुरक्षित राख्न सकिन्छ, लगानीकर्तालाई राज्यका निकाय र लगानीसँग सरोकार राख्ने निजी संस्थाहरूकोसमेत सक्रियतामा समय-समयमा जानकारी र शिक्षित गराउने गर्नुपर्छ । यस्ता परिघटनाबाट सर्वसाधारणलाई बचाउन सचेतनाका कार्यक्रम सम्पूर्ण सरोकार निकायले सञ्चालन गर्ने हो भने लगानीकर्तामा ज्ञान र अनुभव बढ्न गई ठगी र स्क्यामका घटनाहरू स्वतः न्यूनीकरण हुने देखिन्छ । *रासस*

*(लेखक धितोपत्र बजारका जानकार हुन्)*



**राउटे समुदाय** | तिहारको समय पारेर सुर्खेतको वीरेन्द्रनगर नगरपालिकास्थित रानीघाटमा बसाइँ सरेर आएका लोपोन्मुख राउटे समुदाय। फिरन्ते जीवन बिताउने राउटे समुदाय मौसम परिवर्तनसँगै बसाइँ सर्ने गर्दछन्। *तस्बिरः सुरेश आचार्य/रासस*

# छठसँगै खुसी आउँछ डोम समुदायमा

■ **अजयकुमार साह**

**धनुषा–** मधेसी दलितमा सबैभन्दा पिछडिएकामध्ये पर्छन् डोम समुदाय। गरिबी र विपन्नताका कारण ज्याला मजदुरी गरेर जीविको चलाउने यस समुदायका विपन्न परिवारका लागि सधैं आम्दानीको अवसर जुट्दैन। प्रायः हातमुख जोर्नकै समस्या भोग्न बाध्य हुन्छन्। हुन त पछिल्लो समय विश्वव्यापीकरणको प्रभाव, खुला समाज र काम गर्नेहरूका लागि अवसरका ढोकासमेत खुल्दै गएका छन्, त्यसबाट यस समुदायका व्यक्ति पनि प्रभावित छन् नै तर त्यो अवसर सबैसम्म पुग्न सकेको छैन।

क्षीरेश्वरनाथ नगरपालिका-६ सखुवाबजार नयाँटोलका झल्कु मल्लिक भन्छन्, 'समय बदलियो, हाम्रा मौलिक कामको मूल्य छैन। गर्नेले त अरु काम गरिरहेकै छन् तर अधिकांशले हातमुख जोर्ने समस्याबाटै गज्रिनु परिरहेको छ।'

उनी चाडपर्वका बेला भने आफूहरूको सीपले महत्त्व पाउने गरेको सुनाउँछन्। छठ पर्व नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टपरी बनाउन डोम समुदायलाई अचेल भ्याइनभ्याइ रहेको मल्लिकको भनाइ छ। 'सधैं के खाने, के लाउने भन्ने चिन्ता हुन्छ तर चाडबाड, त्यसमा पनि छठ हाम्रा लागि खुसी बोकेर आउँछ। चुल्हो बल्छ, बालबालिकाका सामान्य आवश्यकता पूरा गरिदिँदा मुहारमा हाँसो आउँछ, हाम्रो मनमा उल्लास,' उनले हँसिलो मुद्रामा भने।

दीपावलीलगत्तै सुरु हुने छठ पर्वलाई लक्षित गरी धनुषाका डोम समुदाय बाँसजन्य पूजाका सामग्री बनाउन व्यस्त हुन्छन्। यसबेला पुर्खौली पेसाले काम पाउँछ, सामानले बजार। अनि खुसीको त के कुरा !

तराई हिन्दू धर्मावलम्बीहरूको महान् पर्व छठ नजिकिँदै जाँदा धनुषा, महोत्तरीका डोम समुदाय बाँस र बेतका चोयाबाट भाँडाकुँडा बनाउन व्यस्त छन्। यतिबेला उनीहरूले यही सामग्री बेचेर राम्रो आम्दानी गरिरहेका छन्। धुनषा, महोत्तरीमा करिब १५ लाख जनसंख्या रहेकामा तीमध्ये करिब ७५ प्रतिशतले छठ पर्व मनाउने गरेकाले डोम समुदायले प्रत्येक छठमा बाँस र बेतका भाँडाकुँडा



बेचेर राम्रो आम्दानी गर्ने जानकारहरू बताउँछन्।

छठ मनाउने प्रत्येक परिवारले बाँस र बेतका नयाँ भाँडाकुँडाले पर्व मनाउनुपर्ने भएकाले आफूहरूले छठ पर्वका बेला यस्ता भाँडाकुँडा बनाएर राम्रो आम्दानी गर्ने गरेको जनकपुरधाम उपमहानगरपालिका-१ स्थित धर्मवान टोलका श्याम मल्लिक डोमले सुनाए।

सोही टोलकी रीता मल्लिकले गाँस, बास र कपासकै जोरजाममा अल्झिनुपर्ने बाध्यताका बीच आउने छठ पर्वले कात्तिक महिनाभर दुःख बिर्सेर मीठोमसिनो खाने र राम्रो लगाउने अवसरसमेत ल्याउने गरेको बताइन्। 'अरु बेला त फेरि उही समस्या हुन्छ तर एकाध महिना भए पनि कामका लागि भौतारिनु पर्दैन। काम भएपछि दाम र माम त हुने नै भयो,' उनले खुसी हुँदै भनिन्।

महोत्तरीको औरही नगरपालिका-१ का ईन्दल मल्लिक डोमले कात्तिक लाग्नेबित्तिक्कै घरका बच्चादेखि बुढापाकासम्मले काम पाउने गरेको र बिहानदेखि बेलुकासम्म व्यस्त हुने गरेको सुनाए। त्यही बेचेर राम्रो आम्दानी हुने भएकाले आफूहरू निकै खुसी भएको उनको भनाइ छ।

छठ पर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाटै बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ्य दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुँडा किन्नुपर्छ। महोत्तरीको भंगहा नगरपालिकाका सुखारी डोम घरका बालकदेखि बूढापाकाले डालो, नाङ्लो बेचेर प्रतिव्यक्ति १० देखि २० हजार रूपैयाँ र प्रत्येक परिवारले सरदर दुई लाख रूपैयाँसम्म आम्दानी गर्ने गरेको बताउँछन्।

मिथिला नगरपालिका-७ का ५५ वर्षीय राजवीर डोमले चाडपर्व आफूहरूका लागि पीर बिसाउने अवसरसमेत भएको बताए। सोही ठाउँकी ६० वर्षीया रुमीनी डोमिनले गाउँ, सहरमा हुने भोजभतेरमा बचेखुचेको ल्याएर सपरिवार खाने गरेका डोम समुदायका विपन्न नागरिकले छठमा आफैं मीठामसिनो परिकार पकाएर खाने गरेको सुनाइन्।

छठ पर्वको आगमनसँगै डोमका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको अनुभूति हुने स्थानीय ६० वर्षीय बुधवा डोमको भनाइ छ। मिठोमसिनो खानेमात्रै होइन महोत्तरीको जलेश्वर नगरपालिकाका रामजी डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिकभरिमा वर्षभरिकै सबै कर्जा चुक्ता गर्ने र केही महिनासम्मको खर्च जोहो गर्ने योजना रहेको सुनाए।

हरेक वर्ष छठ पर्व मनाउने वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन डोम समुदायका व्यक्ति निकै व्यस्त देखिन्छन्। पछिल्लो समय तराईमा मात्रै नभई देशको राजधानी काठमाडौंसहित पोखरा, हेटौंडालगायत पहाडी क्षेत्रमा पनि छठ पर्व मनाउन थालिएकाले तराईबाट बाँस र बेतबाट तयार भएका भाँडाकुँडा निर्यात हुने अवस्था पनि सिर्जना भएको छ। यसलाई व्यवस्थित गर्न स्थानीय सरकारले आश्यक सहयोग गर्नुपर्ने यसमा संलग्न डोम समुदायका अगुवाहरूको भनाइ छ। *रासस*


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ८ अंक १८८ कार्तिक १५ गते २०८१ मा प्रकाशित Sony International Reqidments Services Pvt.ltd. को Lot No. **313048** र Lot No. **312916** को विज्ञापनमा **कुवेतमा रोजगार** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271


# सद्भावको पर्व बन्दै छठ

■ **निरञ्जनकुमार साह**

**महेन्द्रनगर (धनुषा)–** छठ विगतमा तराईका जिल्लामा मात्रै मनाइन्थ्यो। पछिल्लो समय यसको व्यापकता स्वदेशमा मात्र नभई सात समुद्रपार पुगेको छ। जताततै छठको रौनक छ। अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै सुरु हुने यो पर्व उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि समापन हुन्छ। त्यसैले यो पर्व आस्था र विश्वासमात्र नभएर सद्भावको पर्व बन्दै गएको हो।

अन्य पर्वहरूको मौलिकता गुम्दै गए पनि छठको मौलिकता जीवित छ। मधेसका महिलाले परिवार र सन्तानका सुख समृद्धिको कामना गर्दै छठ मनाउने गर्छन्। यस वर्ष छठ पर्वको मुख्य दिन यही कात्तिक २२ गते कात्तिक शुक्ल षष्ठीको दिन परेको छ। छठ पर्व विशेषगरी कात्तिक शुक्ल चतुर्थीका दिनदेखि आरम्भ भइ षष्ठीको दिनसम्म मनाउने गरिन्छ।



### कृषि प्रदर्शनीको पर्व

छठले किसानको परिश्रमलाई सम्मान गर्छ। कृषिउपजलाई प्रसादका रूपमा प्रयोग गरिन्छ। झण्डै ७२ प्रकारका कृषिउपजको छठ पूजामा प्रयोग गरिन्छ। यसले हराउँदै गएको कृषि उत्पादनको पहिचानलाई पुनरावृत्ति गराउँछ। छठ सुरु हुनुअघिदेखि ठेकुवाका लागि बजारमा गहुँ, चामल, सक्खरको खोजी हुने र नरिवल, बाँसका ढाकी, सुपलीको जोडजाम गरिने मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडी बताउँछन्।

गबडी धान (साठी) सुथनी, अदुवा, बोडी, उखु, नरिवल, स्याउ, सुन्तला, सक्खर (मिट्ठा), कागती, केराको थम्बा, गहुँ आदिको प्रयोगले किसानको श्रमको कदर गर्ने उनको भनाइ छ। छठ पर्वले कृषि पहिचानलाई जगेर्ना गरेको राष्ट्रिय धानबाली अनुसन्धान केन्द्र हर्दिनाथ बनिनियाका प्रमुख मथुरा यादवले बताए।

स्थानीय कृषि उत्पादनलाई छठको प्रसादका रूपमा प्रयोग गरिन्छ। उखु, चामल, केराजस्ता दर्जनौं कृषिउपजको प्रयोग छठमा हुन्छ। छठमा सूर्यको पूजा हुन्छ। सूर्य शक्तिको प्रतीक हो। सारा संसार यसैको आधारमा चलिरहेको छ। कृषि उत्पादनको सबै प्रक्रिया सूर्यको प्रकाशबाट सञ्चालित रहेको ज्योतिष पण्डित अमित झाले बताए। 'छठ प्रकृतिको पूजामात्र होइन शक्तिको उपासना पनि हो,' छठ पर्वका जानकार डा. राजेन्द्र विमलले भने।

प्राकृतिक सम्पदाको संरक्षण गर्नु जीवन सम्पन्नताको साँचो हो भन्ने तथ्य यो पर्वमा सधैं प्रयोग गरिनेभन्दा फरक कृषि उत्पादन चढाउनुले पुष्टि हुने जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव बताउँछन्। उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवका अनुसार छठमा प्रसादका रूपमा जे जति कृषि सामग्री प्रयोग हुन्छन् ती हाम्रा खेतबारीकै उत्पादन हुन्। यस पर्वको खानपिन वातावरणमैत्री मानिन्छ। गर्मीको बिदाइ र शरद ऋतुको स्वागतका बेला छठ पर्व मनाइन्छ।

विभिन्न वस्तु प्रसादका रूपमा छठी मातालाई चढाइन्छ। यो पर्वले देखावटी परिपाटीलाई पूर्णरूपमा निषेध गरेको छ। किसानले आफ्नो बारीमा फलाएका कृषि उपजको प्रदर्शनी गरिने जानकारहरू बताउँछन्। 'कसको बारीमा के फलेको छ ? के उब्जिएको छ भन्ने कुरा छठीघाटमा राखिएको पूजा सामग्रीबाट सबैले थाहा पाउँछन्,' किसान दीपेन्द्र साहले भने।

छठले सांस्कृतिकरूपमा विशिष्ट स्थान ओगटेको छ। संस्कृति, मानवीय जीवनपद्धति र मान्छेले धारण गर्ने वस्त्रसँग सम्बन्धित मानिन्छ। संस्कृतिविद् एवं जानकार राजर्षिजनक विश्वविद्यालय जनकपुरधामका रजिस्ट्रार सत्यनारायण साहले संस्कृति, मानव जीवनपद्धति भएको बताए। छठले यसलाई प्रतिविम्बित गर्ने उनको भनाइ छ।

डा. राजेन्द्र विमलका अनुसार कृषि उत्पादन, सामाजिक रहनसहन र सभ्यताका पक्षलाई एकैसाथ छठले प्रतिविम्बित गर्ने गर्छ। 'छठको गीतले सबैलाई मन्त्रमुग्ध बनाइदिन्छ। मनमनमा भक्तिभाव जगाइदिन्छ। जनजनमा ऊर्जा भरिदिन्छ,' स्थानीय पण्डित डिगम्बर झाले भने, 'सामाजिक एकता, सद्भाव र सहिष्णुताको कसीलाई चट्टानझैं बलियो बनाइदिन्छ। अनि सबै घर र बस्तीबाट लामबद्ध हुँदै पूजा सामग्रीसहित एकाकार हुन्छन्।'

छठका उपासकहरू जलाशयमा उभिन्छन्। पूजा सामग्री हातमा राखेर अस्ताउँदो सूर्यलाई अर्घ्य दिन्छन् र भोलिपल्ट बिहानपख उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ। छठीमाईको महिमा गाउँदै आराधना गरिन्छ।

### सामाजिक एकता

छठ पर्व मनाउने सनातन धर्मावलम्बीबीच विविधता छ। समुदायगत, जातिगत, भाषागत भिन्नता उस्तै छ। 'तर यो व्रत गर्ने व्रतालु वा सघाउने श्रद्धालुबीच त्यसका आधारमा कुनै वैमनस्यता वा द्वन्द्व कहिल्यै हुने गरेको छैन,' जानकार नित्यान्द मण्डलले भने। कुनै समय हिन्दूहरूले मात्रै मनाउँदै आएको छठ अब मुस्लिमहरूले पनि मनाउन थालेका छन्।

छठले समाजको विविधतालाई एकताको मालामा उन्ने उनले बताए। छठघाटमा सबै जातजाति, धर्मावलम्बीको पूजा सामग्री राखेको दौरा, छैंटी श्रीपताको लस्करै राखिन्छन्।

### प्रकृतिको पूजा

मधेस प्रदेशसभा सदस्य एवं गंगाआरती अभियन्ता रामअशिष यादवले भने, 'चुरे पानीको भण्डार हो भने तराई अन्नको भकारी हो। छठ पर्व मान्नु भनेको चुरेको संरक्षण अर्थात् प्रकृतिको पूजा पनि हो।' मिथिला र मधेसबाट विश्वभरि छठ फैलिएको छ। पुर्खाहरूले यसैकारण पनि छठ सुरु गरेको बताइन्छ। 'चुरे दोहनले छठ पर्वको अस्तित्व संकटमा पर्न थालेको छ। जलाशयमा उभिएर सूर्यलाई अर्घ्य दिइन्छ। तर जलाशय पोखरी एवं नदीहरू सुक्न थालेको छ,' उनले भने।

### अहिंसाको पर्व

छठमा प्रसादका रूपमा शाकाहारी चीज वस्तु प्रयोग गरिन्छ। यो पर्वले बलि प्रथालाई पूर्णरूपमा वर्जित गरेको छ। स्वास्थ्यवर्द्धक खानपिनलाई मात्रै प्रोत्साहन गरिएको पण्डित रामचन्द्र झा बताउँछन्। छठको खानपिन वातावरणमैत्री छ। गर्मीको बिदाइ र शरद ऋतुको स्वागतका बेला छठ मनाइन्छ। छठको मुख्य प्रसाद ठेकुवा र केरा हो। ठेकुवा सक्खरको प्रयोग गरेर बनाइन्छ। चिसो मौसममा ठेकुवा खाँदा शरीरलाई तापक्रम प्रदान गर्छ। जसले चिसोसँग लड्ने शक्ति प्रदान गर्छ।

### लोकतान्त्रिक पर्व

लोकतन्त्रमा सबै बराबर हुन्छन्। यो भावलाई छठ पर्वले बोकेको छ। सूर्यको प्रकाशविना मानव, जीवजन्तु र प्रकृतिको अस्तित्व रहँदैन। सूर्यको प्रकाश सबैका लागि बराबर हुन्छ। प्रचण्ड घाम लाग्दा त्यसले गरिबलाई मात्र पोल्दैन, धनीलाई पनि पोल्छ। त्यसैले सूर्यको व्यवहार सबैका लागि बराबर हुन्छ। सूर्यविना विश्वको अस्तित्वको कल्पना गर्न सकिँदैन। सूर्य ऊर्जाकै कारण विश्व जीवित र चलायमान छ, जीवन र प्रकृतिबीचको सन्तुलन कायम राखिएको विश्वास यस पर्वले फैलाउने पण्डित तपु झा बताउँछन्।

### छुवाछूतविरुद्धको पर्व

हाम्रो समाजमा छुवाछूत, भेदभाव, तल्लो जाति-माथिल्लो जातिबीच पानी बाराबारको अवस्था अझै देखिन्छ। कानुनीरूपमा वर्जित छुवाछूत समाजमा अझै कायम छ। तर, छठले सामाजिक भेदभावको बाँधलाई भने परापूर्वकालदेखि भत्काएको प्राध्यापक श्यामसुन्दर शशीले बताए। उनका अनुसार यस पर्वमा कुनै पनि जातजातिको विभेद गरेको छैन। समाजलाई एकताको सूत्रमा बाँध्न छठको ठूलो योगदान रहेको उनको भनाइ छ।

### अस्ताउँदो सूर्यलाई अर्घ्य दिने पर्व

सूर्यलाई रोग र दुःख नष्ट गर्न शक्तिको स्रोत मानिन्छ। दैनिक घरमा पूजाआजा हुन्छ। हिन्दू परम्परामा पञ्चायन पूजा गरिन्छ। जहाँ गणेश, विष्णु, शिव, सूर्य र कालीको पूजा गरिन्छ। पञ्चायनमा सूर्यको पूजा गर्दा उदाउँदा सूर्यको पूजा हुन्छ। तर, छठमा भने अस्ताउँदो सूर्यको पनि पूजा गर्ने अनौठो चलन छ। संस्कृतिका जानकार डा. विमलका अनुसार उपभोग गरेको शक्तिलाई पनि आराधना गर्नुपर्छ भन्ने भाव पैदा गर्न अस्ताउँदो सूर्यलाई अर्घ्य दिइन्छ। हराउँदै गएको अस्तित्वलाई स्वीकार गरेर फेरि नयाँ बिहानीको सुरुआत हुन्छ भन्ने यसको मूल सन्देश हो।

### नारी सशक्तीकरण पर्व

छठ नारी सशक्तीकरण अनुष्ठानको पर्व हो। सूर्यको उपासनाको पर्व भए पनि यसले सामाजिक सद्भाव, मानवीय सद्भाव, श्रम र प्रकृतिलाई आदर एवं पवित्रता यसको मूल मान्यता रहेको अधिवक्ता रेखा झा बताउँछिन्। सूर्यको उपासनामा कृपालु छठी माताको आशीषविना अनुष्ठान पूरा हुन सक्दैन भन्ने विश्वास छ। यो मातृशक्तिप्रतिको श्रद्धा हो। 'छठमात्र यस्तो अनुष्ठान हो,' उनले भनिन्, 'जसमा छोरीको कामना गरिन्छ।' *रासस*


**Aarughat Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Aarughat, Gorkha**
**Gandaki province,Nepal**

**INVITATION FOR BIDS**

**(First Date of publication: 2081/07/20 (5th NOV 2024)**

1. Aarughat Rural Municipality, Gorkha invites **only electronic bids** from eligible bidders for the following Road construction works.

| IFB No | Description of work | Estimated Amount (Exclusive of VAT and Contingencies) But with P.S | Bid security Amount/ validity | Bid Document fee (NRs.) |
|---|---|---|---|---|
| ARU/NCB/ W/01/ 2081-82 | Armala-samrang-Deurali-Thatibari sadak estarunnati at ARM-3, Gorkha | NRs. 86,17,177.42 | NRs. 2,50,000.00 / 120 Day | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www. bolpatra.gov.np./egp** Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. Electronic bids must be submitted to the office Arughat Rural Municipality,Aarughat Gorkha. Through PPMO website **www.bolpatra.gov.np/egp** on or before **06-12-2024, 12:00 hours**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **06-12-2024, 13:00** hours at the office of Arughat Rural Municipality, Arughat Gorkha.
6. If the last date of purchasing and /or submission falls on a Government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. In the case of discrepancies or error in the bid, bid document, bid notice or other document, Aarughat Rural Municipality reserves the right to amend and correct at any time.
8. Information to deposit the Bid Document fee & bid security in Bank are mention below.

| Cost of bidding document in Bank: | Cost of bid security in Bank: |
|---|---|
| Bank's Name: Rastriya Banijya Bank, Aarughat Branch | Bank's Name: Rastriya Banijya Bank, Aarughat Branch |
| Office's Name: Aarughat Rural Municipality | Office's Name: Aarughat Rural Municipality |
| Account no. Rajaswa (revenue): 3210100301010002 | Account no. (Dharauti Khata): 3210100303010002 |

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला

### सनी लियोनीले फेरि गरिन् विवाह


बलिउड अभिनेत्री सनी लियोनीले दोस्रो पटक विवाह गरेकी छन् । दोस्रो पटकको बिहेमा भने उनले पहिलो पतिसँगै सँगै मर्ने बाँच्ने कसम दोहोऱ्याएकी छन् । सन्नी र ड्यानियलले सन् २०११ मा विवाह गरेका थिए । विवाहको १३औं वार्षिकोत्सवमा ३१ अक्टोबरमा जोडीले माल्दिभ्समा फेरि विवाह गरेका थिए । तर, सन्नी र डेनियल दुवैले विवाहको तस्बिर सामाजिक सञ्जालमा सेयर गरेका छैनन् । भारतीय सञ्चार माध्यममा छापिएका खबरका अनुसार विवाहमा दम्पतीका छोराछोरी निशा, नोआ र आशर मात्र उपस्थित थिए ।



मंगलबार, २० कात्तिक २०८१ (Tuesday, November 05, 2024)

# तिहारको अवसर पारेर 'सत्यविर' निर्माण घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौं–** यमपञ्चक अन्तर्गत लक्ष्मीपूजाको अवसर पारेर फिल्म 'सत्यबिर' निर्माण घोषणा गरिएको छ । गडरेज पिक्चर्स प्रालिको ब्यानरमा निर्माण हुने यो फिल्म सामाजिक कथामा एक्सन थ्रीलर जनरामा निर्माण हुनेछ ।

फिल्मको एक पोष्टर सार्वजनिक गर्दै निर्माण कम्पनीले औपचारिक निर्माण घोषणा गरेको हो । पोस्टरमा कलाकार प्रदीप चौधरीलाई स्थान दिइएको छ । उनलाई रगतले पोतिएको बञ्चरोसहित आक्रामक लूक्समा प्रस्तुत गरिएको छ भने पृष्ठभूमिमा धरहरासहितको काठमाडौं शहर देख्न सकिन्छ । पोस्टरले क्राइम थ्रील संकेत गर्छ ।

'सत्यबिर' को निर्मातामा आदेश सुब्बा छन् । विराज खड्काको निर्देशनमा बन्ने फिल्म आगामी डिसेम्बरबाट फ्लोरमा जाने छ । एक दशक लामो समयदेखि भिएफएक्स तथा एनिमेसनमा सक्रिय खड्काको ठुलो पर्दाको लागि निर्देशनमा यो डेब्यू फिल्म रहनेछ ।

काठमाडौंमा भिएफएक्स र एनिमेसन स्कुल सञ्चालन गरेर सय बढी विद्यार्थीलाई खड्काले प्रशिक्षण दिइरहेका छन् । २१ औं शताब्दीको टेक्नोलोजीको समयमा नेपाली फिल्मलाई उच्च कोटीमा पुर्याउने उद्देश्यसहित फिल्म निर्देशनमा जुटेको खड्काले बताए ।

खड्काले यो फिल्ममा ४० प्रतिशत दृश्य भिएफ एक्स रहने बताए । कलाकारमा प्रदीप चौधरी र द्वन्द्व निर्देशकमा हिमाल केसी बाहेक निर्माण कम्पनीले फिल्मको 'कास्ट एण्ड क्रू' सार्वजनिक गरेको छैन । लामो समयदेखि रंगमञ्चमा सकृय चौधरी १० वर्षपछि फिल्म अभिनयमा आउन लागेका हुन् ।

'होस्टेल रिटर्न्स' फिल्ममा उनले निभाएको 'पिके डन' चरित्रले चर्चा पाएको थियो । हाल मण्डला थियटरमा अभिनय कक्षा सिकाइरहेका चौधरी धेरै नेपाली फिल्ममा चल्तीका कलाकारहरूलाई अभिनय कला सिकाएका छन् ।

'सत्यबिर' को कथा प्रदीप चौधरीको नै हो । साढे २ करोडको लागतमा निर्माण हुने फिल्ममा परिचित कलाकारहरू नै प्रमुख अभिनयमा रहने निर्माता सुब्बाले बताए । तिहारलगत्तै फिल्मका अन्य कलाकारहरूको उपस्थिति सार्वजनिक गर्दै वर्कसपमा जुट्ने निर्माण टिमले बताएको छ ।

# 'पूर्णबहादुरको सारंगी'लाई दर्शकको साथ

■ प्रभाव संवाददाता

**काठमाडौं–** विजय बरालको मुख्य भूमिका रहेको चलचित्र 'पूर्णबहादुरको सारंगी' व्यवसायिक सफलतातर्फ लम्किएको छ । बाबु-छोराको सम्बन्धमा बुनिएको यो मार्मिक चलचित्रलाई तिहारको बिदामा दर्शकले बलियो साथ दिइरहेका छन् ।

बिहीबार चलचित्रको रिलिज हुँदा दर्शकको उपस्थिति त्यति उत्साहजनक थिएन, तर वर्ड अफ माउथ बलियो हुँदा भोलिपल्टदेखि हलहरू भरिन थाले । शुक्रबारबाट पिकअप लिएको चलचित्रले आइतबारसम्म आइपुग्दा निर्माताको अनुहारमा मुस्कान भरिदिएको छ । हलहरू हाउसफुल छन् ।



दशैंमा चम्केको नेपाली चलचित्रको बजारले तिहारमा पनि निरन्तरता पाएको हो । दशैंमा तीन वटा नेपाली चलचित्र एकसाथ रिलिज भएका थिए । तीमध्ये 'छक्कापञ्जा ५' र '१२ गाउँ' ब्लकबस्टर भए भने 'ज्वाइँ साब' ले पनि लगानी उठायो । 'छक्कापञ्जा ५' र '१२ गाउँ' अहिले पनि हलहरूबाट उत्रिसकेका छैनन् । यद्यपि 'पूर्णबहादुरको सारंगी' ले ती दुवै चलचित्रको चर्चालाई ओझेलमा पारिदिएको छ ।

यो चलचित्र रिलिज हुँदा प्रदर्शकहरूले त्यति विश्वास गरेका थिएनन् । उनीहरूले यसै साता रिलिज भएका दुई भारतीय चलचित्र 'भुलभुलैया ३' र 'सिंघम एगेन' को तुलनामा न्यून शो दिएका थिए, तर दर्शकको चाप बढेसँगै प्रदर्शकहरू 'पूर्णबहादुरको सारंगी' लाई शो थप्न बाध्य भएका छन् । भारतीय फिल्महरूले कब्जा गरेको शो खोसेर 'पूर्णबहादुरको सारंगी'लाई दिइएको हो । दुवै भारतीय फिल्ममा नेपाली दर्शकको खासै आकर्षण देखिएको छैन ।

देशकै ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले सुरुको दिन यो चलचित्रलाई देशभरि जम्मा ३८ शो दिएको थियो, तर दर्शकको चाप बढेपछि आज काठमाडौंमा ३१ र मोफसलमा ३३ गरी कुल ६४ शो उपलब्ध गराइएको छ । अन्इअलहरूले पनि सुरुमा तीन-तीन शो दिएकोमा अहिले सात शोसम्म पुऱ्याएका छन् । केही हलहरूले मध्यरातसम्म शो राख्नुपरेको र प्रि-बुकिङ उत्साहजनक रहेको जनाइएको छ ।

प्राप्त शोमा चलचित्रको अकुपेन्सी ८० देखि शत प्रतिशतसम्म देखिन्छ । अहिलेसम्म निर्माण पक्षले चलचित्रको कलेक्सन सार्वजनिक गरेको छैन । दर्शकको मागअनुसार शो बढाएकोमा यो चलचित्र हेर्ने दर्शकले निकै सकारात्मक प्रतिक्रिया दिइरहेका छन् । चलचित्र हेर्दा आँसु थाम्न गाह्रो भएको अधिकांश दर्शकको प्रतिक्रिया छ । चलचित्रको प्रवर्द्धनका लागि हलमा पुगेका कलाकारहरूलाई नै दर्शकले अंगालो हालेर रोइरहेका भिडिओहरू सार्वजनिक भएका छन् ।

चलचित्र रिलिज हुनु अगाडि 'काँधेकुरी' बोलको गीत टिकटकमा भाइरल भएको थियो । यही गीतले यो चलचित्रको हाइपलाई माथि उठाउन सफल भएको हो । चलचित्र रिलिज भएपछि यसको कन्टेन्टलाई दर्शकले मन पराए । फलतः ठूलो स्टारकास्टविना पनि चलचित्रले बक्स अफिस गुलजार बनाउन सफल भयो ।

# मधेस-पहाडको कथामा 'केटी हराएको सूचना'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वृतचित्र 'उजेली', 'हाम्रो मुमिन' लगायत निर्देशन गरेर परिचित भएका निर्देशक दीपेन्द्र गौचनले ठूलो पर्दाका लागि चलचित्र 'मिसिङः केटी हराएको सूचना' निर्देशन गरेका छन् । झन्डै ३२ वर्षपछि चलचित्रकर्ममा फर्किएका निर्देशक गौचनले पहाडी समुदायको केटा र मधेसी समुदायकी केटीको रहनसहन तथा मेलमिलापको विषयवस्तुलाई पर्दामा ल्याएको बताए ।

'म तराईको सौन्दर्य र यसको समृद्ध सांस्कृतिक विविधता देखाउन चाहन्थें । किनकि पहाडी र हिमाली क्षेत्रका धेरै कथा पर्दामा आएका छन् । जसरी उजेलीको चर्चा हुन्छ, त्यसरी नै केटी हराएको सूचनालाई पनि आउँदा धेरै वर्षसम्म सम्झिरहने गरी बनाउने कोसिस गरेको छु', उनले भने ।

निर्देशक गौचनले सामाजिक सञ्जालबाट भेटिएका दुई पात्रबीच यात्रामा निस्किँदा आउने उतारचढाव, भौगोलिक सांस्कृतिक विविधता र दुई फरक समुदायको मनोविज्ञानलाई चलचित्रमा समेटेको बताए । उनले चलचित्रका अधिकांश दृश्य अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठमै केन्द्रीत रहेको बताए । 'चलचित्रमा दुई पात्रको फरक भूगोल र मनोविज्ञानलाई देखाउन खोजेको हुँ, त्यहि भएर अधिकांश दृश्यमा उहाँहरू नै हुनुहुन्छ । यो हाम्रो अहिलेको समयको कथा हो, जहाँ समाजभन्दा बढी सामाजिक सञ्जालमा रमाउने प्रचलन बढिरहेको छ । चलचित्रले हामीलाई आफूभित्रको खुसी खोज्न प्रेरित गर्छ', निर्देशक गौचनले भने ।

चलचित्रमा अभिनेता हुसेन राम र अभिनेत्री श्रेष्ठ सीताको भूमिकामा छन् । अभिनेता हुसेनले यसपटक आफूले शून्यतामा रहेर अभिनय गरेको बताए । उनले भने, 'हामीलाई काम गर्ने प्रस्ताव आउँदा भूमिकाबारे भनिन्छ, त्यसलाई निर्देशक र लेखकको सहयोगमा तयार गरिन्छ । म आफैं तराईको भएकाले आफ्नो पात्रलाई तयार गरेको थिएँ तर निर्देशक गौचनले मलाई 'न्युट्रल' बस्न सुझाव दिनुभयो । त्यसकारण यो रामको पात्र एकदमै सरल र जीवन्त देखिएको छ । यो मेरो लागि नयाँ अनुभव पनि हो ।'

अभिनेत्री श्रेष्ठले यस चलचित्रमा गरिएको काम आफ्नो लागि अहिलेसम्म कै उत्कृष्ट रहेको बताइन् । "मेरो पात्र निर्माणसँगै छायाङ्कनमा पाएको स्पष्टता र सरलता अहिलेसम्मकै उत्कृष्ट अनुभव रह्यो । यो हामीले नजरअन्दाज गरिरहेको एउटा विषय हो", उनले भनिन् ।

ट्राइ सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको चलचित्रमा सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल, ओमप्रकाश कर्णलगायत कलाकारले अभिनय गरेका छन् ।



नरेश श्रेष्ठ स्मृति क्रिकेट

# सुदूरपश्चिम र कर्णाली विजयी

■ प्रभाव संवाददाता



**विराटनगर–** विराटनगरमा जारी नरेश श्रेष्ठ स्मृति वाईवाई पुरुष यु-१९ राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश आ-आफ्नो खेलमा विजयी भएका छन् । मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई एक सय २३ रनले तथा बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा भएको खेलमा कर्णालीले मधेश प्रदेशलाई ४७ रनले पराजित गरेको हो ।

मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित ५० ओभरको खेलमा ४७ दशमलव चार ओभरमा सबै विकेट गुमाएर एक सय ८३ रन बनायो । सुदूरका लागि सुवराज खत्रीले ४४ रन, अभिषेक थापाले ३७ र नरेन भट्टले २४ रन बनाए । बलिङतर्फ कोशीका सौजन घिमिरेले चार तथा विपिन महतोले दुई विकेट लिए ।

एक सय ८४ रनको विजयी लक्ष्य पाएको कोशीले २२ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै मात्र ६० रन बनायो । कोशीका लागि सौजन घिमिरेले २६ तथा आशिष मगरले १३ रन बनाए । बलिङतर्फ सुदुरपश्चिमका लागि सचिन भट्टले पाँच तथा नरेन भट्टले चार विकेट लिए ।

यस्तै अर्को खेलमा टस जितेर ब्याटिङ गरेको कर्णालीले निर्धारित ५० ओभरको खेलमा ४५ ओभरमा सबै विकेट गुमाइ एक सय ३३ रनको योगफल बनायो । कर्णालीका लागि हीरालाल चनराले ४५, मनिस थापाले २२ रन र यूनिस ठकुरीले २१ रनको योगदान दिए । बलिङतर्फ मधेशका राजेश यादवले चार तथा अफ्रुदिन रैनले तीन विकेट लिए ।

एक सय ३४ रनको लक्ष्य पाएको मधेशले २७ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ८६ रन मात्र बनायो । मधेशका लागि मयन यादवले १५ र जितेश मण्डलले १३ रन बनाए ।

बलिङतर्फ कर्णालीका विपीन शर्माले चार तथा यूनिस ठकुरीले तीन विकेट लिए । कर्णाली दुई अङ्का साथ अन्तिम स्थानमा तथा मधेश प्रदेश चार अङ्का साथ पाँचौ स्थानमा छ । मंगलबार बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा लुम्बिनी र मधेश प्रदेशबीच तथा मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा बागमती र कर्णाली प्रदेशबीच खेल हुनेछ ।

# अस्ट्रेलियासँग पाकिस्तान पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** अस्ट्रेलियाले एकदिवसीय अन्तर्राष्ट्रिय शृंखलाको पहिलो खेलमा पाहुना टोली पाकिस्तानलाई पराजित गरेको छ ।

सोमबार भएको खेलमा अस्ट्रेलिया दुई विकेटले विजयी भएको हो। पाकिस्तानले दिएको २०४ रनको लक्ष्य अस्ट्रेलियाले ३३.३ ओभरमा आठ विकेट गुमाउँदै पूरा गऱ्यो ।

योसँगै अस्ट्रेलियाले शृंखलामा १-० को अग्रता लिएको छ । अस्ट्रेलियाका जोस इंग्लिसले सर्वाधिक ४९ रन बनाए। ४२ बल खेलेका उनले चार चौका र तीन छक्का प्रहार गरे । स्टिभन स्मिथले ४४ रन बनाउँदा कप्तान प्याट कमिन्स ३२ रनमा अविजित रहे । अन्य ब्याटरले भने प्रभावशाली प्रदर्शन गर्न सकेनन् । पाकिस्तानका हरिस रउफले सर्वाधिक तीन विकेट लिए । शाहिन साह अफ्रिदीले दुई विकेट लिँदा नसिम साह र मोहम्मद हुसेनको नाममा समान एक विकेट रह्यो ।

त्यसअघि मेलबर्न क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको पाकिस्तानले ४६.४ ओभरमा सबै विकेट गुमाउँदै २०३ रन बनाएको थियो ।

कप्तान मोहम्मद रिजवनले सर्वाधिक ४४ रन बनाए । ७१ बल खेलेका उनले दुई चौका र एक छक्का प्रहार गरे । नसिम ४०, बाबर आजम ३७, अफ्रिदी २४ र इरफान खान २२ रनमा आउट भए ।

अस्ट्रेलियाका मिचेल स्टार्कले सर्वाधिक तीन विकेट लिए । प्याट कमिन्स र एडम जाम्पाले समान दुई विकेट लिँदा सेन एबट र मार्नस लामुसचेनको नाममा एक/एक विकेट रह्यो ।

# हङकङमा खेलकर्मी अभिनन्दित

■ प्रभाव संवाददाता

**हङकङ–** हङकङ नेप्लिज टेनिस सोसाइटीले विभिन्न खेल क्षेत्रका हङकंगेली नेपाली लेजेन्ड खेलाडीहरूलाई अभिनन्दन गरेको छ ।

अभिनन्दित खेलाडीहरूमा ग्रान्ड मास्टर तुलसी कुमार गुरुङ, पहिलो ओलम्पियन बक्सिङ खेलाडी नामसिङ थापा फल मगर, पूर्व भलिबल खेलाडी जय नारायण चौधरी, वरिष्ठ गल्फ खेलाडी वाइबी राई र टेनिस प्रो. कोच मगेन्द्र राई रहेका छन् ।

मगेन्द्र राईको अध्यक्षता र नेपाली कन्सुलेट सतिश गुरुङको प्रमुख अतिथ्यतामा सम्पन्न भएको सो कार्यक्रम जोर्डनस्थित बगैंचा रेस्टुरेन्ट एन्ड बारको सभाकक्षमा सम्पन्न भएको थियो ।

हङकङ नेप्लिज टेनिस सोसाइटीको 'तेस्रो अधिवेशन तथा टेनिस स्मारिका २०२४' को लोकार्पण समारोहमा सो अभिनन्दन गरिएको हो । उक्त समारोहमा सोही संस्थाका निवर्तमान उपाध्यक्ष मान गुरुङ, सचिव बज्रकुमार राई, कोषाध्यक्ष नवीन देवान सहकोषाध्यक्ष इन्द्रहाङ राई र किर्तिमानी अल्ट्रा ट्रेल रनर सन्तोष तामाङलाई सम्मान गरिएको थियो ।

त्यसैगरी सो संस्थाका निवर्तमान सदस्य हरिचन्द्र राई, धिराज कुमार साम्पाङ, धीरज बान्तावा, शशिमदन राई, माया राई आरती राई, जि क्लाड्स कम्पनी लिमिटेड र लिङ्मा कन्स्ट्रक्सन एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडलाई कदरपत्र प्रदान गरिएको थियो । उक्त अधिवेशनबाट किशोर थापा अध्यक्षमा चयन भएका छन् भने उपाध्यक्षमा किसन थापा र विकास गुरुङ चयन भएका छन् ।

सचिव टेकेन्द्र सुब्बा र कोषाध्यक्षमा सञ्जीव राई चयन भएका छन् । कार्यसमितिको सदस्यमा अर्जुन गुरुङ, शिवलाल सुवेदी, विकास गुरुङ 'बि', प्रकाश गुरुङ र भीम पुन चयन भएका छन् । उक्त समारोहमा हङकङ नेपालीज टेनिस सोसाइटीको गतिविधिलाई समेटेर प्रकाशन गरिएको 'टेनिस स्मारिका २०२४' पनि लोकार्पण गरिएको थियो ।



दक्षिण चीनको गुआङ्सी झुआङ स्वायत्त क्षेत्रस्थित लिउझाउ सहरको लिउजियाङ जिल्लाको जुशान गाउँमा हरियो प्याज काटिरहेका कृषकहरू । *तस्बिर: सिन्ह्वा*

# इन्डोनेसियामा ज्वालामुखी विष्फोट, १० जनाको मृत्यु

**इस्टफ्लोरेस, इन्डोनेसिया-** पूर्वी इन्डोनेसियामा एक ज्वालामुखी विष्फोट हुँदा कम्तिमा १० जनाको मृत्यु भएको अधिकारीहरूले सोमबार जनाएका छन् । अधिकारीहरूका अनुसार प्रभावित क्षेत्रमा उच्च सतर्कता कायम गरिएको छ ।

फ्लोरेसको लोकप्रिय पर्यटक टापुमा अवस्थित माउन्ट लेवोटोबी लाकी-लाकीमा एक हजार ७०३ मिटरको दुइटा ज्वालामुखी विष्फोट हुँदा प्रभावित क्षेत्रका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले बताएका छन् । ज्वालामुखीले जलिरहेको चट्टान घरहरूमा फचाँक्न थालेपछि प्रभावित क्षेत्रका बासिन्दाहरूले आफूहरू भयभित भएको बताएका छन् ।

इन्डोनेसियाको विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी) का प्रवक्ता अब्दुल मुहारीले पत्रकार सम्मेलनमा मृतकको संख्या पुष्टि गर्दै ज्वालामुखी विष्फोटबाट १० हजार २९५ जना प्रभावित भएको बताएका छन् । उनका अनुसार विस्थापितको संख्या अझै गणना भइरहेको छ ।

एएफपीले प्रसारण गरेको फुटेजमा ज्वालामुखी नजिकैका घरहरू बाक्लो खरानीले ढाकिएको र केही क्षेत्रमा आगो लागेको देखिएको छ । ज्वालामुखी नजिकै पाँचवटा गाउँ खाली गरिएको र हजारौं मानिस अन्यत्र शरण लिन बाध्य भएका छन् । ज्वालामुखी मामिला सुरक्षा निकायले स्थानीय र पर्यटकहरूलाई ज्वालामुखी विष्फोट भएको (केन्द्रबिन्दु) को सात किलोमिटर दायराभित्र केहि गतिविधिहरू नगर्न निर्देशन दिएको छ ।

पछिल्लो समयमा माउन्ट लेवोटोबी लाकी-लाकीमा ज्वालामुखी गतिविधिमा उल्लेखनीय रूपमा वृद्धि भइ घरहरूमा क्षति गरेपछि स्थानीयले साम्प्रदायिक भवनमा शरण लिएका छन् । ज्वालामुखी सुरक्षा निकायले वर्षाले गर्दा लाभा बाढी आउन सक्ने चेतावनी दिँदै ज्वालामुखीको प्रभावबाट बच्न स्थानीयहरूलाई मास्क लगाउन आग्रह गरेको छ । *रासस⁄एएफपी*

# जापानद्वारा रक्षा सञ्चार उपग्रह सहितको एच-थ्री रकेट प्रक्षेपण



**टोकियो-** जापानले सोमबार कागोशिमा प्रान्तको तानेगाशिमा अन्तरिक्ष केन्द्रबाट आफ्नो ध्वजाबाहक नयाँ एच-थ्री रकेट प्रक्षेपण गरेको छ ।

जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जाक्सा) र मित्सुबिशी हेभी इन्डस्ट्रिजद्वारा विकसित एच-थ्री रकेट सफलतापूर्वक उपग्रहबाट अलग भएको छ । यो उपग्रहको उद्देश्य जापानको सेल्फ डिफेन्स फोर्सलाई अन्तरिक्षबाट सूचना आदानप्रदान बढाउने हो ।

जापानको एचथ्री रकेटले एच-२ ए रकेटको सञ्चालनलाई पूर्णरूपमा प्रतिस्थापन गर्ने तयारी गरेको छ । आर्थिक वर्ष २०२४ देखि अर्को मार्चसम्म ५० रकेटको प्रक्षेपण गरिने अपेक्षा गरिएको छ ।

मार्च २०२३ मा यसको उद्घाटन प्रक्षेपणको विफलता र यस वर्ष दुई सफल मिसनपछि सोमबारको एच-थ्रीको प्रक्षेपण यो वर्ष गरिएको जापानको चौथो प्रक्षेपण हो । *रासस⁄एएफपी*

# संख्यामा अमेरिकी चुनाव

**वासिङ्टन-** स्विङ राज्य, निर्वाचक मण्डलका मत, मतपत्रमा माथिदेखि तलसम्मका उम्मेदवार र लाखौं सम्भावित मतदाताहरू- यहाँ संख्यामा अमेरिकी चुनावको विश्लेषण गरिएको छ ।





### दुई

केही स्वतन्त्र उम्मेदवारले चुनाव लडे । कम्तीमा एक जना रोबर्ट एफ केनेडी जुनियरले आँखीभौंहरू उचाल्ने खालका समाचार शीर्षकहरू बनाए । तर, अन्ततः राष्ट्रपति पदको दौड दुई विकल्पमा सीमित छ । प्रमुख पार्टीका दुई उम्मेदवारहरू डेमोक्रेट कमला हचारिस र रिपब्लिकन डोनाल्ड ट्रम्प ध्रुवीकृत अमेरिकाको नेतृत्व गर्न प्रयासरत छन् ।

### पाँच

नोभेम्बर ५- चुनाव दिन । परम्परागतरूपमा नोभेम्बरको पहिलो सोमबारपछिको मंगलबार ।

### सात

स्विङ राज्यको संख्या- यी राज्यले कुनै एक पार्टीलाई स्पष्ट प्राथमिकता दिँदैनन् । अर्थात् तिनीहरू जित्न सकिने अवस्थामा छन् ।

हचारिस र ट्रम्पले एरिजोना, जर्जिया, मिशिगन, नेभाडा, नर्थ क्यारोलाइना, पेन्सिलभेनिया र विस्कन्सिनका मतदाताहरूलाई लोभ्याउँदै छन् र विजय सुनिश्चित गर्न त्यहाँ आफ्ना प्रचार प्रयासहरू केन्द्रित गर्दै छन् । अत्यन्त कडा प्रतिस्पर्धाको चुनावमा ती कुनै पनि राज्यमा केही मतले नै परिणाम निर्धारण गर्न सक्छ ।

### ३४ र ४३५

मतदाताहरूले चुनावका दिन केवल ह्वाइट हाउस कब्जा गर्ने निर्णय गर्दैनन् । उनीहरूले अमेरिकी कंग्रेसलाई पनि ताजा बनाउने छन् । सिनेटका ३४ सिट र प्रतिनिधिसभाका सबै ४३५ स्थान चुनावका लागि खुला छन् ।

प्रतिनिधिसभामा सदस्यहरूको कार्यकाल दुई वर्षको हुन्छ । हाल रिपब्लिकनहरूको बहुमत छ र हचारिसका डेमोक्रेटहरूले परिवर्तनको आशा गर्ने छन् । सिनेटमा १०० सिटमध्ये ३४ सिट छ वर्षे कार्यकालका लागि उपलब्ध छन् । रिपब्लिकनहरूले डेमोक्रेटको सानो बहुमत उल्टाउने आशा गरिरहेका छन् ।

### ५३८

संयुक्त राज्य अमेरिकामा राष्ट्रपति निर्वाचनलाई नियन्त्रण गर्ने सार्वभौमिक मताधिकार अप्रत्यक्ष प्रणाली निर्वाचक मण्डलमा स्वागत छ । प्रत्येक राज्यमा निर्वाचकहरूको फरक संख्या छ । जनसंख्याअनुसार फरक हुने प्रतिनिधिसभाका निर्वाचित प्रतिनिधिहरूको संख्यामा सिनेटरहरूको संख्या (प्रतिराज्य दुई) जोडेर गणना गरिन्छ ।

उदाहरणका लागि रुरल भर्मोन्टमा जम्मा तीन निर्वाचक मत छन् । त्यसैगरी विशाल क्यालिफोर्नियामा ५४ छन् । ५० राज्य र कोलम्बिया जिल्लामा कूल ५३८ निर्वाचक छरिएका छन् । ह्वाइट हाउस जित्न उम्मेदवारले २७० मत जित्नुपर्छ ।

### ७७४,०००

पेव रिसर्च सेन्टरका अनुसार सन् २०२० को चुनाव सुचारु रूपले सञ्चालन भएको सुनिश्चित गर्ने मतदान कर्मचारीहरूको संख्या । संयुक्त राज्य अमेरिकामा तीन प्रकारका चुनाव कर्मचारीहरू छन् । मतदाताहरूलाई स्वागत गर्न, भाषामा सहयोग गर्न, मतदान उपकरण सेट गर्न र मतदाता आइडी र दर्ताहरू प्रमाणित गर्न नियुक्त गरिएका अधिकांश मतदान कर्मचारीहरू हुन् ।

पेवका अनुसार निर्वाचन अधिकारीहरू मतदान कर्मचारीहरूलाई तालिम दिनेजस्ता विशेष कर्तव्यहरू पूरा गर्न निर्वाचित, नियुक्त वा मनोनीत गरिन्छन् । मतदान पर्यवेक्षकहरू सामान्यतया राजनीतिक दलहरूद्वारा मतगणना अवलोकन गर्न नियुक्त गरिन्छन् । ट्रम्पले नतिजा विनासर्त स्वीकार गर्न अस्वीकार गरेका कारण यस वर्ष विशेषरूपमा विवादास्पद हुने अपेक्षा गरिएको छ ।

धेरै निर्वाचन कर्मचारीहरूले नोभेम्बर ५ को मतदानअघि आफूहरूले सामना गरिरहेको दबाब र धम्कीहरूका बारेमा एएफपीसँग पहिले नै कुरा गरिसकेका छन् ।

### सात करोड ५० लाख

नोभेम्बर २ सम्म फ्लोरिडा विश्वविद्यालयको डेटाबेसअनुसार सात करोड ५० लाखभन्दा बढी अमेरिकीले अग्रिम मतदान गरिसकेका छन् ।

अधिकांश अमेरिकी राज्यले मानिसहरूलाई नोभेम्बर ५ को मतदान दिनमा समय मिलाउन नसक्ने वा मतदान गर्न नसक्ने अवस्थाको सामना गर्न व्यक्तिगत मतदान वा हुलाक मतदानको अनुमति दिन्छन् ।

### २४ करोड ४० लाख

बाइपार्टिसन पोलिसी सेन्टरका अनुसार सन् २०२४ मा मतदान गर्न योग्य हुने अमेरिकीहरूको संख्या । तीमध्ये कति जनाले वास्तवमै मतदान गर्ने छन् भन्ने कुरा हेर्न बाँकी नै छ । तर पेव रिसर्च सेन्टरका अनुसार सन् २०१८ र सन् २०२२ को मध्यावधि चुनाव तथा सन् २०२० को राष्ट्रपतीय मतदानले संयुक्त राज्य अमेरिकामा दशकौंयता देखिएका त्यस्तै प्रकारका तीन उच्चतम मतदान सहभागिता उत्पन्न गरेका थिए ।

'मतदानयोग्य जनसंख्याको लगभग दुईतिहाइ (६६ प्रतिशत) सन् २०२० को राष्ट्रपति चुनावमा मतदान गर्न उपस्थित भए । यो सन् १९०० यताको कुनै पनि राष्ट्रिय चुनावको उच्चतम् दर हो,' पेवले आफ्नो वेबसाइटमा भनेको छ । जनगणना ब्युरोका अनुसार त्यो करिब १५ करोड ५० लाख मतदाता बराबर थियो । *रासस⁄एएफपी*

# अफगानिस्तानमा अपहरणमा परेका दुई बालबालिकाको उद्धार

**कान्दाहार, अफगानिस्तान-** दक्षिणी अफगानिस्तानको कान्दाहार प्रान्तमा अफगान सुरक्षाकर्मीले अपहरणमा पेका दुई जना विद्यालय जाने उमेरको बच्चाको उद्धार गरिएको प्रान्तीय प्रहरी प्रवक्ता मुल्लाह असदुल्लाह जमशिदीले सोमबार बताएका छन् ।

विद्यालयबाट घर फर्किरहेका बालबालिकाहरू पखवाडिया प्रान्तको राजधानी कान्दाहार सहरबाट अपहरणमा परेको उनले बताएका हुन् । अधिकारीका अनुसार घटनामा संलग्नता भएको आरोपमा हालसम्म कसैलाई पक्राउ गरिएको छैन । अपहरणकर्ताहरूले सुरुमा एक लाख अमेरिकी डलर माग गरेका थिए भने त्यसपछि बच्चाहरूको रिहाइका लागि फिरौतीमा ३० अमेरिकी डलर मागेका थिए ।

त्यस्तै, अफगान सुरक्षा बलले पश्चिमी हेरात प्रान्तमा अपहरणकर्ताको कब्जाबाट एक बच्चालाई रिहा गरेको तथा यस घटनासँग सम्बन्धित दुई जनालाई पक्राउ गरेको जनाएको छ ।

गरिबीले ग्रस्त अफगानिस्तानमा आपराधिक गिरोहले प्रायः धनी परिवारका सदस्यहरूलाई अपहरण गरी रिहाइका लागि ठूलो मात्रामा नगद माग गर्ने गर्छन् । *रासस⁄सिन्ह्वा*

# बार्सिलोनामा भारी वर्षाले रेल सेवा अवरूद्ध



**बार्सिलोना-** पूर्वी स्पेनमा गत हप्ता आएको बाढीले भ्यालेन्सिया नजिक २०० भन्दा बढी मानिसको ज्यान लिएको थियो । निरन्तर आइरहेको आँधीले सोमबार बार्सिलोनामा पनि वर्षा गराउँदा अधिकारीहरूले यात्रु रेल सेवा स्थगित गर्नुपऱ्यो ।

स्पेनी यातायातमन्त्री ओस्कार पुएन्टेले नागरिक सुरक्षा अधिकारीहरूको अनुरोधमा उत्तर पूर्वी क्याटालोनियाका ८० लाख जनसंख्या भएको क्षेत्रमा सबै यात्रु रेलहरू स्थगित गरेको बताए । बार्सिलोनाका मोबाइल फोनहरूमा सहरको दक्षिणी सीमामा 'अत्यधिक र निरन्तर वर्षा' को चेतावनी बजेको थियो । चेतावनीमा मानिसहरूलाई सामान्यतया सुक्खा खोच वा नहरहरूबाट टाढा रहन आग्रह गरिएको थियो ।

पुएन्टेले वर्षाका कारण हवाई यातायात नियन्त्रकहरूले बार्सिलोनाको विमानस्थलमा सञ्चालन भइरहेका १५ उडानको मार्ग परिवर्तन गर्नुपरेको जानकारी दिए । विमानस्थल सहरको दक्षिणी भागमा अवस्थित छ । बाढीका कारण धेरै राजमार्गहरू बन्द गरिएका छन् । बार्सिलोना र भ्यालेन्सियाको बीचमा पर्ने दक्षिणी क्याटालोनियाको टारागोना सहरमा वर्षाको रातो चेतावनी जारी गरिएपछि कक्षाहरू रद्द गरिएका छन् ।

यसैबीच भ्यालेन्सियामा घरभित्र र हजारौं क्षतिग्रस्त कारभित्र शवहरूको खोजी जारी छ । गत हप्ताको बाढी बस्ती भएका क्षेत्रहरूमा पुग्दा कारहरू सडक, राजमार्ग र नहरहरूमा छरिएका छन् । नागरिक, स्वयंसेवक र हजारौं सैनिक तथा प्रहरी अधिकारीले हिलो र भग्नावशेष सफा गर्ने विशाल अभियानमा सहयोग गरिरहेका छन् । *रासस⁄एपी*

# इजरायलद्वारा युएनआरडब्ल्युएसँगको सम्बन्ध तोड्ने घोषणा

**जेरुसेलम-** इजरायलले प्यालेस्टिनी शरणार्थीका लागि सहयोग गर्ने गाजास्थित राष्ट्रसंघीय निकाय (युएनआरडब्ल्युए) सँग सम्बन्ध तोड्ने निर्णय औपचारिकरूपमा संयुक्त राष्ट्र संघसमक्ष सोमबार पेस गरेको छ ।

इजरायली विदेशमन्त्री इजरायल काट्जको निर्देशनमा विदेश मन्त्रालयले इजरायल र युएनआरडब्ल्युएबीचको सम्झौता रद्द भएको संयुक्त राष्ट्रलाई सूचित गरेको विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ । विदेशमन्त्री काट्जले युएनआरडब्ल्युएका कर्मचारीहरूले गत अक्टोबरको नरसंहारमा भाग लिएको दाबी गर्दै उनीहरूलाई हमासका कार्यकर्ता तथा गाजा पट्टीको समस्याको हिस्साको रूपमा व्याख्या गरेका छन् । यद्यपि, कुनै प्रमाण भने पेस गरिएको छैन ।

इजरायली संसद्ले गत महिना इजरायल र पूर्वी जेरुसेलममा युएनआरडब्ल्युएलाई प्रतिबन्धित गर्ने प्रस्तावलाई अनुमोदन गरेको थियो । उक्त कार्यको इजरायलको सहयोगी अमेरिकासहित अन्तर्राष्ट्रिय समुदायद्वारा निन्दा भएको थियो । प्यालेस्टिनी क्षेत्रहरूमा शरणार्थीलाई सात दशकभन्दा बढी समयदेखि आवश्यक सहायता प्रदान गर्ने राष्ट्रसंघीय एजेन्सीको प्रतिबन्ध कार्यान्वयन गरियो भने गाजामा थप मानवीय संकट थपिने विज्ञहरूले जनाएका छन् ।

यद्यपि, काट्जले उक्त तर्कलाई अस्वीकार गर्दै युएनआरडब्ल्युएले गाजामा सहयोगको केही अंशमात्र पुऱ्याइरहेको बताए । इजरायल अन्तर्राष्ट्रिय कानुनप्रति प्रतिबद्ध रहेको जिकिर गर्दै काट्जले इजरायली नागरिकको सुरक्षालाई असर नगर्ने गरी गाजा पट्टीमा मानवीय सहायतालाई सहज बनाउने बताएका छन् ।

युएनआरडब्ल्युए र अन्य मानवीय संस्थाहरूले इजरायली अधिकारीलाई गाजामा सहायता प्रवाह प्रतिबन्धित गरेको आरोप लगाएका छन् । गाजामा रहेका करिब २४ लाख मानिस युद्धको समयमा कुनै न कुनै रूपमा विस्थापित भएका छन् । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १७१००० | प्रति तोला - ० | प्रति तोला - २१९० |



**छठको तयारी** | महोत्तरीको गौशाला नगरपालिकाको गौशाला बजारमा छठ पर्वका लागि केराको घरी किनमेल गरिँदै ।

*तस्बिर : सञ्जीतकुमार मण्डल/रासस*

# चिलिमे-त्रिशूली प्रसारणलाइन निर्माण सकियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिशूली नदी र त्यसका सहायक खोलामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न महत्त्वपूर्ण मानिएको चिलिमे-त्रिशूली २२० केभी प्रसारणलाइनको निर्माण सम्पन्न भएको छ ।

रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेँसीस्थित त्रिशूली थ्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारणलाइन निर्माण सम्पन्न भएको हो । दसैं र तिहारको सार्वजनिक बिदामासमेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटेर प्रसारणलाइन निर्माण सम्पन्न गरिएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए ।

कार्यकारी निर्देशक घिसिङले प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा निर्माण भएका १११ मेगावाटका रसुवागढी र ४२.५ मेगावाटको साञ्जेनसहित रसुवामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि प्रसारणलाइन पूर्वाधार तयार भएको उल्लेख गरे । रसुवागढी र साञ्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन् ।

'भौगोलिक रूपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भीरैभीर रहेको र सडक पनि नभएकाले ढुंगागिट्टी, बालुवा, टावरका सामान, पानी मानिस या खच्चरबाट बोकाएर लैजानुपर्ने अवस्था थियो,' उनले भने, 'बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९, निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले लाइन निर्माणमा मौसमको पनि प्रतिकूल प्रभावजस्ता कारणले समस्यामा परेको आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुन ठूलो उपलब्धि हो ।'

उत्तरतर्फको छिमेकी देश चीनसँगको विद्युत् व्यापारका लागि चिलिमे-केरुङ अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्न लागिएको छ । चिलिमे-त्रिशूली प्रसारणलाइनले नै चीनलाई जोड्ने छ । चिलिमे-त्रिशूली २२० केभी प्रसारणलाइन आयोजनाअन्तर्गतनै २२०/१३२/३३ केभीका चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन् । त्रिशूली थ्रि बी हब सबस्टेसनमा आएको विद्युत् काठमाडौंको मातातीर्थसम्मको त्रिशूली-काठमाडौं २२० केभी



प्रसारणलाइनहुँदै राष्ट्रिय प्रणालीमा समाहित हुने छ । साञ्जेन र रसुवागढी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् चिलिमे हब सबस्टेसनमा जोडी चिलिमे-त्रिशूली प्रसारणलाइन हुँदा राष्ट्रिय प्रणालीमा समाहित हुने छ ।

प्रसारणलाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन् । प्रसारणलाइन समुद्री सतहबाट ६८० देखि २६०० मिटरसम्म पर्ने भूभागमा निर्माण गरिएको छ । कूल ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नुपर्ने अवस्था थियो । उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको छ ।

आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरेको प्राधिकरणको उच्च भोल्टेज ग्रीड विभागका निर्देशक थर्कबहादुर थापाले बताए । निर्देशक थापाले खच्चर र मानिसबाट निर्माण सामग्री र उपकरण ढुवानी गरी नौ वटा हेलिकप्टरबाट निर्माण सामग्री ढुवानी गरी दुईवटा टावर निर्माण गरिएको उल्लेख गरे ।

उत्तरगया गाउँपालिका-१ तिरुबाट सोही वडाको सिरुचेतसम्म एक हजार २३५ मिटर लम्बाइमा तार तानिएको छ । मैलुङखोला माथि पर्ने उक्त खण्ड (मैलुङ क्रसिङ)मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो ।

प्रसारणलाइनअन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली थ्री बी हबसम्म आठ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ । कोरियन कम्पनीको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको विद्युत् जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो । माथिल्लो त्रिशूली-१ ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ ।

अनुमानित लागत तीन अर्ब ६२ करोड ८९ लाख अमेरिकी डलर रहेको चिलिमे-त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्ल्यू)को अनुदान रहेको छ । युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलितपूर्ण ऋण रहेको छ ।

प्रसारणलाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४ साल पुसमा कार्यान्वयनमा आएको थियो ।

# एयर एसियाले सुरु गर्‍यो काठमाडौं र भैरहवामा उडान

■ प्रभाव संवाददाता

**काठमाडौं–** थाई एयर एसियाले काठमाडौंमा पुनः उडान सुरु गरेको छ । उसले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट आइतबारदेखि व्यावसायिक उडान सुरु गरेको हो । मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान गर्ने थाई एयर एसिया चौथो हवाईसेवा कम्पनी भएको छ । यसअघि कुवेतको जजीरा एयर, नेपालबाट अन्तर्राष्ट्रिय उडान गर्ने हिमालय एयरलाइन्स र राष्ट्रिय ध्वजावाहक (नेपाल एयरलाइन्स)ले व्यावसायिक उडान सञ्चालन गरेका थिए ।

उक्त विमानस्थलमा यही कात्तिक २४ गते शनिबारदेखि कुवेतको जजीरा एयरले पुनः उडान सञ्चालन गर्दैछ । यसअघि १० महिना उडान गरेर स्थगित गरेको एयरलाइन्सले पुनः सोही विमानस्थलमा उडान सुरु गर्न लागेको हो । जजिराले सातामा तीन दिन मंगलबार, बिहीबार र शनिबार उडान भर्नेछ ।

यस्तै युनाइटेड अरब इमिरेटस् (युएई)को राष्ट्रिय ध्वजावाहक फ्लाई दुबईले यही कात्तिक २५ गतेदेखि दैनिक उडान गर्ने भएको छ । हप्ताको सातै दिन फ्लाई दुबईले दुबई-भैरहवा र भैरहवा-काठमाडौं-दुबई उडान गर्न लागेको हो । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक पर्ने अध्यागमन, भन्सार, सुरक्षालगायतका व्यवस्थापकीय काम दुरुस्त अवस्थामा रहेको विमानस्थलले जनाएको छ ।

सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ । सोही योजनाअनुरूप अन्तर्राष्ट्रिय एयरलाइन्सले धमाधम उडान सुरु गर्न लागेका हुन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता हंशराज पाण्डेका अनुसार गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा क्रमशः अन्तर्राष्ट्रिय उडान विस्तातर हुदैं गएको छ । विमानस्थललाई पूर्ण व्यावसायिक क्षमतामा सञ्चालन गर्न प्राधिकरण पनि लागिपरेको छ । सरकारको योजनाअनुरूप गौतमबुद्ध विमानस्थलमा बढीभन्दा बढी व्यावसायिक उडान सञ्चालन गर्न प्रयास जारी छ ।

'उडानहरू क्रमशः थपिँदै गएका छन् । गन्तव्यहरू बढिरेहका छन् । आगामी दिनमा यात्रुको माग र चाप अनुसार अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान विस्तार गर्ने विश्वास लिएका छौँ', प्रवक्ता पाण्डेले भने ।

राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २०७९ जेठ २ गते बुद्धपूर्णिमाको दिन उद्घाटन गरिएको थियो । उक्त विमानस्थलमा नेपाल एयरलाइन्सको वाइड बडी एअ३३० विमानले परीक्षण उडान गरेको थियो । अघिल्लो वर्ष नेपाल एयरलाइन्सले मलेसियाको क्वालालम्पुरबाट भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुरु गरेको थियो ।

उडान अनुमति नलिई यही कात्तिक ११ गते काठमाडौं आएको थाई एयर एसियाको विमानलाई नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले कारबाही गरेको थियो । भैरहवाबाट पनि उडान गर्ने शर्तमा प्राधिकरणले एयर एसियाको उडान फुकुवा गरेको थियो । उडान फुकुवाभएसँगै कम्पनीले यही कात्तिक १८ गते आइतबारदेखि काठमाडौं र भैरहवामा एकसाथ उडान सञ्चालन गरेको हो । थाई एयर एसियाले गत असोज १६ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुनः उडान सुरु गरेको गरेको थियो ।

# बाँदरले दुःख दिएपछि कफीखेतीमा आकर्षित

**दमौली (तनहुँ)–** तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ लिलाचोकमा कफीको नर्सरी स्थापना गरिएको छ । बाँझो रहेका जमिनलाई उत्पादनसँग जोड्न कफीखेती गर्ने अभियानसहित कृषि सहकारी संस्थाले यहाँ कफीको नर्सरी स्थापना गरेको हो ।

शुक्लागण्डकी नगरपालिका र राष्ट्रिय चिया तथा कफी विकास बोर्डसँगको सहकार्यमा दश हजार कफीको बिरुवा उत्पादन भइरहेको सहकारीका अध्यक्ष मनराज गुरुङले जानकारी दिए । युवापुस्तामा कफीप्रति अत्यधिक आकर्षण रहेकाले बजारको माग सम्बोधनका लागि यहाँ कफी उत्पादन गर्ने लक्ष्य राखिएको गुरुङले बताए । उनले भने, 'युवा पुस्तामा कफीको आकर्षण बढ्दो छ । आफ्नै माटोमा जीवन देख्नुपर्छ भन्ने सोच बोकेका कृषकलाई कफीका बिरुवा वितरण गर्छौं ।'

किसानले उत्पादन गरेको कफी बिक्रीका लागि बजारीकरणको व्यवस्थासमेत सहकारीले गरिदिने उहाँको भनाइ छ । 'हामी कफीका बिरुवा मात्रै वितरण गर्दैनौं, कफी उत्पादन भएपछि बिक्रीको जिम्मा समेत लिन्छौं,' उनले भने, 'एक किलो होस् वा एक सय किलो बिक्री भएपछि बजारको चिन्ता लिनु पर्दैन ।' गुरुङले सबैभन्दा चाँडो उत्पादन लिन सकिने र बाँदरबाट कम क्षति हुने कफीखेतीलाई प्रोत्साहन गरिएको बताए ।

शुक्लागण्डकी नगरपालिकाभित्र बाँझो रहेका जमिनको सदुपयोग गर्न र बसाइसराइँ रोक्दै आयआर्जनमा जोड्ने उद्देश्यसहित कफीखेती अभियान थालिएको शुक्लागण्डकी नगरपालिकाका कृषि शाखा प्रमुख नवराज पण्डितले जानकारी दिए । उनले भने, 'यहाँ उत्पादन हुने कफीले युवाहरूको कफीप्रतिको मोहलाई सम्बोधन गर्न सक्नेछ ।'

नगरपालिकाले गत वर्ष पाँच हजार कफीका बिरुवा वितरण गरेको थियो । यस वर्ष दश हजार बिरुवा वितरण गरिनेछ । बाँझो जमिनको उपयोग गर्दै उत्पादनसँग जोड्ने उद्देश्यले शुक्लागण्डकी नगरपालिकाको चालु आर्थिक वर्षमा रहेको युवासँग उपप्रमुख कार्यक्रममार्फत शुक्लागण्डकीमा उत्पादन केन्द्रित अभियान सञ्चालन गरिएको हो ।

शुक्लागण्डकीको आठ सय मिटरदेखि एक हजार चार सय मिटर उचाइसम्मको पाखो जमिनमा कफीको व्यावसायिक खेतीको सम्भावना रहेकाले किसानलाई कफीखेतीतर्फ प्रोत्साहन गरिएको पण्डितको भनाइ छ । यस अगाडि किसानले उत्पादन गरेका कफी कास्की, स्याङ्जालगायत जिल्लामा बिक्रीवितरण गरिएकामा आगामी वर्षदेखि कृषि बहुउद्देश्यीय सहकारी संस्थासँगको समन्वयमा किसानको उत्पादनलाई उचित मूल्यमा बजारीकरण गरिने उनको भनाइ छ ।

बाँदरलगायतको वन्यजन्तुबाट कम क्षति हुने र पाखो बाँझो जमिनमा कफीखेतीको राम्रो सम्भावना रहेको हुँदा आगामी वर्ष दोब्बर बिरुवा वितरण गर्नेगरी तयारी गरिएको छ । *रासस*

ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बचौं

खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्नः

- सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं,
- भान्सामा सिलिन्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं,
- गुणस्तरयुक्त रेगुलेटर, पाईप र चुलो प्रयोग गरौं,
- समय-समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं,
- ग्याँस सिलिण्डरको प्रयोग अवधी हेरेर मात्र खरिद गरौं,
- काम सकेपछि सधैं रेगुलेटर बन्द गरौं,
- भान्साकोठाको झ्याल ढोका सधैं खुला राखौं,
- सुतीको कपडा लगाएरमात्र खाना पकाउने गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ